19. Mierow, D. and Shrestha, 1978
HIMALAYAN FLOWERS AND TREES. Kathmandu, Nepal.

20. Beal, S. 1983
SU-YU-KI, BUDDHIST RECORDS OF THE WESTERN WORLD, New Delhi, India.

21. Ven. Moon, Do. 1995
DHARMA TALK, Korean Mahabodhi Temple, Lumbini.

22. Hanh, T.N. 1997
OLD PATH WHITE CLOUDS. New Delhi, India.

Conservation of Archaeological Sites in Nepal

- Chandra P. Tripathee

The scope of this paper, as the title confines, is limited to the "archaeological sites" and their "conservation". So far as the meaning of these two terms are concerned-any place or area where physical remains of ancient culture or cultures occurred is considered an archaeological site. Similarly the act of keeping such sites free from depletion, decay and injury is accepted as conservation. Therefore, the main intention of this paper is to discuss about the conservation of any place or area which contains or reasonably believed to have contained, ruins or relics of archaeological and historical importance, including the access and part or area of land required for fencing or covering in or preserving it.

Numerous archaeological sites belonging to different periods and cultures may be identified within the territory of Nepal. But a detailed survey from the archaeological point of view through out the country is yet to be done. Therefore the accurate number of archaeological sites in the country is not known yet. The survey works conducted in limited areas and few accidental events brought some archaeological sites to our notice. Among them very few are excavated and other remain unexcavated. All explored sites, both excavated and unexcavated are the subject to be conserved. Because our obligation regarding the archaeological sites is not only to explore, explain, excavate, and publicise their importance to the people of present generation but also to handover them in safe and intact condition to our future generation. To meet this obligation we are bound to make all possible efforts actively to conserve and safeguard the archaeological remains and sites.

The measures taken to prevent decay and destruction of archaeological sites or their conservation may differ as the type and nature of the ruins and geographical locations, climatic and environmental condition of the area where such ruins and sites are located. Therefore the conservation measures in every individual site may vary as per the type and nature of the ruins, deteriorating factors and the climatic situation of the site such as hot, arid, temperate, tropical or frigid. Despite the large number of variables, some basic approaches can be applied in

every sites. Therefore, before selecting appropriate conservation measures, a thorough and adequate study of the ruins including climatic situation and the factors which lead to decay and destruction of the site must be done. Some general elements which can cause decay, destruction and injury to archaeological sites in Nepal are identified as follows.

1. Encroachment and destruction by habitants and Cultivators
2. Destruction by bricks and stones robbers
3. Destruction by modern development works
4. Vandalism by visitors and animals
5. Effects of earthquakes, floods and landslides
6. Soil erosions
7. Changing the courses by the rivers
8. Climatic and chemical effects
9. Vegitational growths on the site.

The adequate efforts or the action taken to arrest aforesaid decaying and destructing factors of an archaeological site can be classified broadly as administrative or managerial measures and scientific or technical measures.

(a) Administrative or managerial measures: The formulation of proper rules and regulations and their effective execution and demarcating the archaeological sites to control the encroachments of cultivators, habitational and urbanizational processes and development works on and within the archaeological sites can play a vital role in protecting the archaeological sites physically. The barbed wire fencing work and deputation of watchmen to the sites will be the best possible measure to control bricks and stone robbery as well as human and animal vandalism in the site. While planning modern development activities or projects such as roads, irrigation canal and pipeline construction, the management has to try it's best to diverge from the archaeological site. Legal process or regulation can also play a vital role in protecting the sites.

(b) Scientific and Technical measures: There are very limited scientific measures to protect and prevent the archaeological sites from decay and destruction made by various natural calamities like Earthquakes, landslides, flooding, change of river course etc. Some technical works like the construction of retaining walls, check dams can control the effects of such natural calamities. The afforestation along and around the archaeological sites may also be an effective measures to control the nature of changing the meandering trend of rivers. Though, big trees and plants with deep roots can destruct the archaeological remains, but short rooted bushes and grass can be effective to stop the soil erosions from the archaeological sites. Hence, to control the soil erosion, lawn can be developed in archaeological sites, but not in the areas where the structures are already exposed. The climatic fluctuation and rapid changes in the temperature may accelerate the deteriorating process in cultural property of a site. If we provide shade, at least, over the structural ruins, water percolation and direct sunlight may be avoided and the detoriaratory or weathering process can be minimized.

Most of the archaeological sites are found covered with earth. This sort of covering is one of the best measure for preserving the archaeological site, which will help to keep the ruins safe, intact and free from animal and human vandalism and also minimize the weathering process.

Some examples of Site Conservation in Nepal:

In this paper, discussion is made on, and examples are selected from both excavated and unexcavated sites. For the conservation of unexcavated sites usually administrative or managerial measures can be applied. But inorder to conserve the excavated sites some scientific techniques should be applied. In Nepal, though the explored and excavated sites are limited in number, they are located in various climatic and geographical areas covering the arid cold high Himalayan belt, subtropical hilly region and tropical valleys of inner Terai and Terai belt. A comprehensive study of conservation activities in few selected archaeological sites in Nepal are as follow:

1. Handigaon

The archaeological site located near Handigaon, Satyanarayan Temple in Kathmandu is excavated one. To protect from encroachment and vandalism a compound wall around the site is provided. The excavated trenches are filled with earth so that the weak and fragile architectural remains, appeared in the deeper level may remain safe and intact. Watchmen are deputed to guard the site.

2. Bhandarkhal Garden of Deopatan:

This site is located near Pashupati temple in Kathmandu. It yielded early Lichhavi Cultural remains. The excavated trenches are filled with earth. The whole mound has been fenced with brick wall and the site is fully protected from encroachments and vandalism.

3. Simraungarh

Simraungarh is a huge ruins of early medieval capital city situated now in the central Terai region (Bara district) of Nepal. The site is spreadover in an area of 7.5 km. North-South and 4.5 km. East-West and ruins of fortification wall is found surrounding the site. Inside the ruins of fortification wall about 50 small villages forming 5 village Development Committees are settled for more than a century and rest of the area is extensively cultivated. Without deserting the existing settlements, neither the site can be freed from cultivation nor the demarcation of the area is possible. The extensive habitation and thorough cultivation has completely destroyed the upper level of the archaeological ruins. In this situation, the possible measure of conservation is only to record the remaining archaeological ruins and try our best to stop further destructions. Therefore, in this particular site necessary documentation of the ruins with line drawing and photographic survey of records has been done. The local people are requested for not disturbing their field digging deeper than two feet and local authority is also directed to protect and maintain the archaeological site.

4. Lumbini and Kapilavastu:

Number of archeological sites are identified in this area. Lumbini, the birth-place of Lord Buddha, Tilaurakot, the ruined capital township of ancient Kapilavastu are prominent among numerous archaeological sites of this area. The archaeological sites as Banjarahi, Paisia, Gotihawa, Niglihawa, Araurakot, Kudan and Tilaurakot are well demarcated and fence with barbed wires. Watchmen are deputed for 24 hours. Thus they are safeguarded from all types of encroachments and vandalism. To conserve the excavated architectural remains of Tilaurakot, some scientific measures have been adopted. To check the water-percolation and weathering process, few courses of new bricks have been provided with new mortar on the top of the structural ruins. The size of bricks and the colour of mortar are used to tone to the original one. This provision has not only arrested

the water percolation but also strengthened the top of the ruin structures. It also helped to safe the structures from stepping and walking by the visitors. Same techniques have been applied to conserve the twin stupas of Dhamnihawa, near Tilaurakot, but unlike the technique mentioned above, instead of new bricks original brick-bats are used here.

5. Mustang

Mustang is located in the trans and cis-Himalayan region of central Nepal. The whole area of Mustang is drained out by the river Kaligandaki. The steep pebble conglomerate cliffs along the Kaligandaki and its tributeries are adorned with group of caves, scooped out by the ancient settlers of the "cave city" in the region. In the vicinity of the cave settlements, there are several habitational ruin sites too. The climatic condition of Mustang area is arid and cold throughout the year. Humidity and rainfall in this region is also very low. This climatic condition is very suitable for preserving the cultural properties. Most part of this area is barren and sandy. Very limited lower valleys are cultivated and the size of population is too small, which has prevented archaeological sites of this region from encroachments by the habitants and cultivators.

Due to the rejuvenation of the river system, almost all caves of the Mustang region have become inaccessible without the use of a ladder or other climbing equipments. This situation has benefited the site to remain completely free from human and animal vandalism and encroachments. The arid and cold climate has also helped prevent the cultural property from decaying. Thus we can tell that the archaeological sites in Mustang are well protected and preserved.

6. Other explored sites

Besides the sites discussed above, there are hundreds of other explored sites in Nepal. Of them the Kicchakbadh in Jhapa district, Bhediyari in Morang district, Murtiya in Sarlahi district, Kakrebihar and other two ruin mounds in Surkhet district are well demarcated and well fenced with barbed wires. They are well protected from the bricks and stone robbery as well.

The above discussion has comprehended the problems and applied measures related to the conservation of archaeological sites in Nepal. To conserve archaeological sites, His Majesty's Government of Nepal has formulated proper rules and regulations. Important explored and excavated sites are well demarcated and fenced. Watchmen are also deputed in some of the sites. Even in extensively cultivated and habitated sites like Simraunagarh, the local people are requested for protecting the site by not digging their field deeper than two feet and the local authorities are also advised to watch and maintain the regulation.

In conclusion, it can be said that both administrative and scientific measures of archaeological site conservation are actively and effectively executed and the explored as well as excavated archaeological sites of the country are almost safe and intact.

References

Feilden, Bernard; Guidelines for Conservation, INTACH, New Delhi, 1989.

Marshall, John ; Conservation Manual : Government Printing, Calcutta, 1923.

Menon, A G Krishna and B.K. Thapar ; Conservation of immovable property, Historic Cities and Heritage Zones-INTACH ; New Delhi-1988.

Price, N.P. Stanley ; (edt.) Conservation on Archaeological excavations; ICCROM, Rome : 1984.

Verardi, Geovani ; Excavation at Harigaon Kathmandu, IsMEO, Rome, 1992.

.....; Conservation and Recommendations of UNESCO concerning the protection of the Cultural heritage; UNESCO; Paris, reprinted in 1985.

.....; Prachin Smarak Samrakshan Ain-2013. (Ancient Monument Preservation Act. 2013) H.M.G. Department of Archaeology, Kathmandu, 2054.

PLATE 1



1. Conserved remains of eastern gate of Tilaurakot (Ancient Kapilavastu)



2. Conserved western gate of Tilaurakot (Ancient Kapilavastu)



3. Conserved excavated Stup of Dhamnihawa

4. Kudan Excavated site



5. Gotihawa, with barbed fencing



6. Ramagram Stupa in preserved condition

भक्तपुर तलेजुको राजेन्द्रविक्रम शाहको अहिलेसम्म प्रकाशमा नआएको ताम्रपत्र

–डा. पुरूषोत्तम लोचन श्रेष्ठ

भक्तपुर राजदरबारको मूलचोकको दक्षिणपट्टिको लङ तलेजु भवानी र मानेश्वरीदेवी प्रतिष्ठापित आगम मन्दिर हो। यस आगम मन्दिरको पहिलो तलाको पछाडिपट्टि पूर्वतर्फको कोठाभित्रको पश्चिमाभिमुख ढोकाको बायाँपट्टिको बापासि (काठको गारो)मा यो ताम्रपत्र ठोकिराखिएको छ।[1] ३३३/४" लम्बा र २३१/२ चौडा यस ताम्रपत्रको माथिल्लो दायाँपट्टिको भागमा रोजन्द्रविक्रमको मोहरछाप लागेको छ; त्यसदेखि केही माथि बायाँपट्टि (ताम्रपत्रको शीर्षमा) श्रीतलेजु, श्रीदुर्गाजु लेखिएको छ। यहाँ विक्रम संवत् १८८७ दिइएको छ।

मूलपाठ

१. स्वस्ति श्री गिरिराजचक्र चुडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्री महाराजा राजेन्द्रविक्रम शाह वहादुर सम्सेरजङ्ग देवानाम् सदा समरविजयिनाम .....

२. आगे भादगाउँका ..... लाई सम्वत् १८८६ साल मिति ज्येष्ठ वदि १२ रोज ६ का दिन हाम्रा वाहुलिवाट संकल्प गरी षेत ३।- था पूजा गुठी राषना निमित्य भादगाउँका ठूला सेराका षेतमध्ये षेत १।- लुकुंदोल षेत मुरि ।१८ तस्को साध पूर्व रैकर षेतको आलिसाध लुह -

३. किल दच्छिन उंतर सेरा षेतको आलिसाध लुहकिल पश्चिम बाटो साध लुहकिल दफे लुकुंदोल षेत मुरि ।७ तस्को साध पूर्व षस्यांग् षोलाको डिल र सन्यासिको वित्तां षेतको आलिसाध लुहकिल दच्छिन पश्चिम सेरा षेतको आलिसाध लुहकिल उंतर ब्राम्हणको वित्तां षेतको आलिसा -

४. ध लुहकिल चांथौ षेत मुरि ।१३ तस्को साध पूर्व रैकर षेतको आलिसाध लुहकिल दच्छिन बाटो र रैकर षेतको आलिसाध लुहकिल पश्चिम कुलाको ढिक साध लुहकिल उंतर प्रजाको सुना षेतको आलिसाध लुहकिल पलेवु षेत मुरि ४ पाथि ।१० तस्को साध पूर्व कुलाको डिल साध

५. लुहकिल दच्छिन उंतर प्रजाके सुना वित्तां षेतको आलिसाध लुहकिल पश्चिम लक्ष्मिनारायण डिट्ठाको सदावर्त षेतको आलिसाध लुहकिल दफे पलेवु षेत मुरि ७ पाथि ।१० तस्को साध पूर्व दच्छिन पश्चिम प्रजाको सुना वित्तां षेतको आलिसाध लुहकिल उंतर स-

६. दावर्त षेतको र प्रजाको सुना षेतको आलिसाध

लुहकिल लुकुंदोल षेत मुरि ।२४ तस्को साध पूर्व दच्छिन पश्चिम उंतर सेरा षेतको आलिसाध लुहकिल व्यांना षेत मुरि ।१० तस्को साध पूर्व ब्राम्हणको विर्ता षेतको आलिसाध लुहकिल दच्छिन गुठी षेतको आलिसाध लुह -

७. किल पश्चिम बाटो साध लुहकिल उंतर सेरा र ब्राम्हणका विर्ता षेतको आलिसाध लुहकिल दफे व्यांना षेत मुरि ।१६ तस्को साध पूर्व रैकर षेतको आलिसाध लुहकिल दच्छिन ब्राम्हणको विर्ता षे-

८. तको आलिसाध लुहकिल औ अैजन गार्डका र कमि गैंहले जागिर गरि षायाका षेतमध्ये षेत २ धालाषुसि षेत मुरि ।४ पाथि ।१० तस्को साध पूर्व उंतर प्रजाका सुना विर्ता षेतको आलिसाध लुहकिल दच्छिन बाटो र रैकर षेतको आलिसाध लुहकिल पश्चिम रैक-

९. र .बाझो साध लुहकिल वपिको षेत मुरि ।७ तस्को साध पूर्व प्रजाको सुना षेतको आलिसाध लुहकिल दच्छिन रैकर .बाझो साध लुहकिल पश्चिम सानु बाटो साध लुहकिल उंतर षेतको आलिसाध लुहकिल, यामिताको षेत मुरि ।४ पाथि ।१० तस्को साध पूर्व पश्चिम रै -

१० कर षेतको आलिसाध लुहकिल दच्छिन. प्रजाको सुना विर्ता षेतको आलिसाध लुहकिल उंतर बाटो साध लुहकिल वाकादोल षेत मुरि ।८ तस्को साध पूर्व पश्चिम रैकर षेतको आलिसाध लुहकिल दच्छिन उंतर प्रजाका सुना विर्ता षेतको आलिसाध लुहकिल मुसु-

११. च्या कोल्पा षेत मुरि ।१० तस्को साध पूर्व दच्छिन पश्चिम उंतर रैकर षेतको आलिसाध लुहकिल दफे मुसुच्या कोल्पा षेत मुरि ।२० तस्को साध पूर्व दच्छिन पश्चिम उंतर रैकर षेतको आलिसाध लुहकिल मुगथौ षेत मुरि ।४ तस्को साध पूर्व उंतर प्रजाको सुना षेतको आ-

१२. लि साध लुहकिल दच्छिन गुठी षेतको आलिसाध लुहकिल पश्चिम सेरा षेतको आलिसाध लुहकिल गोडे षेत मुरि ।२१ तस्को साध पूर्व रैकर प्रजाको सुना विर्ता षेतको आलिसाध लुहकिल उंतर गुठी षेतको आलि-

१३. साध लुहकिल तप्याषेत मुरि ।४ पाथि १० तस्को साध पूर्व प्रजाको सुना र रैकर षेतको आलिसाध लुहकिल दच्छिन गुठी षेतको आलिसाध लुहकिल पश्चिम उंतर रैकर षेतको आलिसाध लुहलिक वदेको षेत मुरि ।६ तस्को साध पूर्व दच्छिन पश्चिम उंतर प्रजा-

१४. को सुना विर्ता षेतको आलिसाध लुहकिल गुवु षेत मुरि ।१० पाथि १० तस्को साध पूर्व उंतर पश्चिम प्रजाको सुना विर्ता षेतको आलिसाध लुहकिल दक्षिण सानु बाटो साध लुहकिल गुवु षेत मुरि ।४ पाथि ।१० तस्को साध पूर्व सानु बाटो साध लुहकिल दच्छिन पश्चिम उंतर-

१५. प्रजाको सुना षेतको आलिसाध लुहकिल कुंपाकोव्वाक समेत षेत मुरि ।९ तस्को साध पूर्व रैकर प्रजाको सुना विर्ता षेतको आलिसाध लुहकिल दच्छिन पश्चिम उंतर प्रजाको सुना विर्ता षेतको आलिसाध लुहकिल नासाषु षेत मुरि ।३ तस्को साध पूर्व उंतर प्रजाको सुना विर्ता षेतको आलिसाध लुहकिल दच्छिन गुठी षेतको आलिसाध लुहकिल पश्चिम बाटो सा-

१६. ध लुहकिल नासाषुव्वाक समेत षेत मुरि २ पाथि १० तस्को साध पूर्व पश्चिम उंतर प्रजाको सुना षेतको आलिसाध लुहकिल बाटो साध लुहकिल मसांदोल षेत मुरि ४ तस्को साध पूर्व पश्चिम दच्छिन उंतर प्रजाको सुना विर्ता षेतको आलिसाध लुहकिल मुगुजोल षेत मुरि ४ पाथि १० तस्को साध पूर्व गुठी षेतको आलिसाध लुहकिल दच्छि-

१७. न पश्चिम उंतर प्रजाको सुना विर्ता षेतको आलिसाध लुहकिल चुजिषेत मुरि ३ पाथि १० तस्को साध पूर्व प्रजाको सुना विर्ता षेतको आलिसाध

लुहकिल दच्छिन पश्चिम उंतर रैकर षेतको आलिसाध लुहकिल सिमिगाल षेत ।८ पाथि १० तस्को साध रैकर

१८. षेतको आलिसाध लुहकिल दच्छिन प्रजाको सुना षेतको आलिसाध लुहकिल पश्चिम ब्राम्हणको विर्ता षेतको आलिसाध लुहकिल दिगुपा षेत मुरि ।१९ तस्को साध पूर्व बाटो र रैकर षेतको आलिसाध लुहकिल दच्छिन बाझो र रैकर षेतको आलिसाध लुहकिल पश्चिम रैक-

१९. र षेतको आलिसाध लुहकिल उंतर बाटो र विर्ता षेत आलिसाध लुहकिल न्हाकंदोल षेत मुरि ।२ तस्को साध पूर्व दच्छिन पश्चिम उंतर प्रजाको सुना विर्ता षेतको आलिसाध लुहकिल सुइति षेत मुरि ।१६ तस्को साध पूर्व षोलाको धिकसाध लुहकिल दच्छिन वि-

२०. र्ता र रैकर वाझो साध लुहकिल. पश्चिम . प्रजाको विर्ता षेतको आलिसाध लुहकिल. उंतर बाटो साध लुहकिल दफे सुइति षेत मुरि ।१८ तस्को साध पूर्व रैकर विर्ता षेतको आलिसाध लुहकिल दच्छिन विर्ता र रैकर वाझो साध लुहकिल . पश्चिम रैकर वाझो साध लुह-

२१. किल उंतर प्रजाको सुना विर्ता षेतको आलिसाध लुहकिल य्याथौ षेत मुरि ।५ पाथि १५ तस्को साध पूर्व दच्छिन वाटो साध लुहकिल पश्चिम उंतर प्रजाको सुना विर्ता र रैकर षेतको आलिसाध लुहकिल. यति सबै सिमाना भित्र ज्मा षेत ३। को सर्वकर अकर सर्वांक माफ गरि था पु-

२२. जा गुठीको. मोहर गरि बक्स्याको ताम्बापत्र गरिबक्स्यौं. येस गुठीका गुठीहार भैरवसिंले गुठी षेतका उत्पन्नले तपसीलमा लेष्या बमोजिमको पूजा चलाउनु. असिनाले षादा. किराले काटयामा र नरोपियामा सेष बाँकि रह्याको र भाउका किफाईतले. पूजा न अडकाइ

२३. चलाउनु. उहा प्रान्तको केहि बाँकि रहिगयो भन्या गुठीहारले भोग्य गर्नु. यो गुठी संकल्प हुँदा. संकल्प वाक्य पढ्न्या पुरोहित जदुनाथ पंडित अर्ज्याल. पानि हालन्या. श्री जनरल भीमसेन थापा. साध लाउन्या सधियार थरघर मोदनाथ अर्ज्याल. मित्र सर्मा पंथ ववहाल टोलको

२४. डगोल नाइक्या मध्यां अमितसिं डगोल. वम्हटोलको हेमन्तसिं डगोल द्वाच्या लक्ष्मिदास. कमानसिं ढलपाहरु रत्न. भिमसेन धंजु. गोविन्द. भाजुदेव राजविर. मोहि नाइक्या पालसिं. मोहि नाइक्या दयाराम. मोहि नाइक्या महन्त. मोहिहरू पदम विचारि. अडै

२५. जोगनारायण दुर्गादास. विस्नु नारायण. विन्दरसिं जैसि. देवनारायन. सिवदत्तकौ. नारायण दुवा. गयासिं दुवा. भैरवसिं. गुठीहार. रामनरसिं प्रधान्. मोहिनाइक्या गयासिं. जोगनारायण. मोहि लछिमिसिं षडका. अम्वरसिं षत्रि. भाजुराम. धनवन्त. गोजन

२६. तलाछको. गंगाराम भगि सालमि. सिधि नारायेन. सिपाहि छत्रसिं थापा. कुष्णवीर थापा. मनिकृस्न्. तेजनारायेन दाम्या सार्कि .....

तपसील्

मिति वैसाष शुदि ३ रोजका दिन था पूजा १ गर्नाका सारा जाम जिनीसी षर्च ६७ ॥///॥

सेता चावल मुरि १/३ हकुवा चावल मुरि २/१४/४

चिहुरा स्यावजिके धान मुरि ९। रोटिके गहु केराउ पाथि १३/४

नगदि षर्चके ५२॥। .

(पहिलो लहर-)

भोज

रागा	१ के	१२
बोका	७ के	१०॥
हास	१ के	॥.

पूजा

रोटिके घ्यू धार्नि	३ के	३

दिपमालाके घ्यू धार्नि ७॥ के ७ ॥
धुप नैवेदको ध्यू तोला ४ के ॥

चिनि

रोटिके चिनि धार्नि ३ के २॥
पूजाके चिनि पाव १ के /।
नैवेदको चिनि तोला ४ के ऽ॥
पंचामृतके दुद पाव २ के ॥ ऽ ॥

दुद

षावाके दुद पाथि १ के ।
अचारहरूले लैजान्या दुद पाथि १ के ।
सुपारि सेर १ के ।॥
भेटिघाटि गैऱ्ह के २।

पूजाहाराहरूका भोजके १४ ॥।

दुद पाथि ५ के १ ॥'
अदुवा धार्नि १ के ,, ॥
कोटल दहि पाथि ३ के
सुठो तोला ४ के ऽ ॥
पात्त धार्नि ४ के , ॥
दहि गोटा ३० के १।"॥

(दोस्रो लहर)

वत्ति धूप १०० के /
सिंदु पाव १ के ।.
श्रीषंड चन्दन तोला ८ के "
नरिवल गोटा २ के ।.

मसला गैऱ्हके

मषान तोला ८ के '॥
अलैचि दाना तोला ४ के ./
छोहरा तोला ४ के /
लवागमासा ६ के ऽ॥
दात्या वषर तोला ४ के ऽ ।॥
मरिच तोला ८ के "
अलैंचि तोला ८ के "
षयरगोलि तोला २ के "
पानविरा २४ के "

पंचामृतके

महपाव १ के '
अदुवाल के "
वेसारमाना २ के ,।
रायोमाना २ के ,।
घ्यू पाव २ के ,,,
दारूवाभारि ४ के ॥.
नुन माना ४ के ॥.
हासका फुल गोटा १२ के ।.

(तेश्रो लहर)

पंचरगिं कपरा हात ५ के ॥.
जजंका २०० के /
तीलमाना १ के /
भटमास पाथि ३ के ॥.
गरि तोला ४ के /
मासु धार्नि २ के ॥
पाट् चोलि १ के ,,
धागो तोला १० के ,,
गोकुल धुप तोला ८ के /
धूवा कपरा थान २ के १
केतकि पाता १ के २
गुँड पाव २ के ,॥
पगरिथान २ के ३
दालचिनि तोला ४ के ,,
दाष तोला ४ के ,,
मटपूजाके दछिना दाम १८ के /२
दहि गोटा ४ के ,,,
सषर सेर १ ॥ के ।.
हिग तोला १ के ,।
माछा पाव २ के ,,
मरिच तोला ४ के '
केराउ माना ४ के '॥
जिरा माना १ के ,,,

(चौथो लहर)

कोटल दहि माना	८ के	॥
दारूवा भारि	४ के	॥'
नुन पाथि १ के	१	
दफे नुन माना	॥के	'
सुक्याको माछा कुरूवा	२ के	।.
सुक्याको मासु पाव ३ के		।.
जिरा नुन पाव	१ के	,॥
हिगजिरा मसाला सागपात	के	"
हलुवाइके घासा		"
धुपवत्ति के	।.	
लावा कुरूवा	१ के	,
लेषन्या पिठो कुरवा	१ के	,
दफे भटमास माना ॥	के	S .२
नङले छोडायाका अछेताके		"
दफे घ्यु पाव	२ के	,,॥
गुड सेर	१ के	,,,
अलैचि तोला	४ के	S .॥
सागपातके		॥.

काम काममा वालना लाख र भोज समेत अरू षर्च गैऱ्ह के ४/

पोसाकके ४

- ज्येष्ठ वदि १२ रोजका दिन दोश्रा था पूजा गर्नाको साराजाम वमोजिम सदर तपसीलका रूपैया र जिनसि ६७॥,,॥.

- गुठीबाट किला वाहिक नचापनु किला वमोजिम कामकाज गामा. कसैले षिचला नगर्नु.

- जो येस वन्देजमा रहैन सो येस ष्लोकमा भन्याको पातकि होला. स्वादत्तां परदत्ताम्वा यो हरे द्वैवसुंधराम्. षष्टिवर्ष सहश्राणि विष्टायां जायते कृत्रि.इति संम्वत्

- १८८७ साल मिति. भाद्र वदि १४ रोज ३ शुभम्–

श्लोक भागको अनुवाद

आफूले दिएको वा अरूले दिएका जग्गा जसले हरण गर्छ; त्यो मानिस साठी हजार वर्षसम्म नरकमा कीरा भइरहन्छ ।[२]

व्याख्या–

नेपाल उपत्यकाका तीनवटै तलेजु आगममा विभिन्न कालका मल्ल शासकहरूका साथै केही शाह शासकहरूले समेत राखेर गएका अनेक था पूजाहरू अहिलेसम्म पनि चल्दै आएका छन् । तान्त्रिक विधिपूर्वक गरिने था पूजालाई शासकहरूले विशेष महत्त्व दिई प्रतिवर्ष यसको सञ्चालन अटूट रूपमा भइरहोस् भन्नाका लागि आवश्यक पूजा सामग्री सहित येथेष्ट जग्गा गुठी राखी राम्रो प्रबन्ध मिलाएका हुन्थे; यो कुरा यस विषयमा प्रकाश पार्ने श्रोत सामग्रीहरूका आधारमा थाहा पाइन्छ ।

तलेजुका सम्बद्ध दीक्षाधारी पुरोहित-ब्राम्हण (राजोपाध्याय) कर्माचार्य र जोशीद्वारा गोप्य रूपमा गरिने था पूजाको विधि विधान निकै लामो रहेको बुझिन्छ; यसैकारण यो पूजालाई बिहानको पूजा र रात्र-पूजा गरी दुई चरणमा विभक्त गरेर चलाइन्छ । कुन शासकले कुन तिथिमा र के को उपलक्ष्यमा कुन चाहि था पूजा राखेको हो, सम्बद्ध शासकको नाममा संकल्प गरी (संकल्प वाक्य पढेर) पूजा चलाइने हुँदा धार्मिक सांस्कृतिक दृष्टिले मात्र नभएर ऐतिहासिक दृष्टिले पनि था पूजाका ती संकल्प वाक्यहरू विशेष महत्त्वका छन् भन्ने कुरा देखिन आएको छ । प्रमाणका लागि केही शासकका संकल्प वाक्यहरू उदाहरणको रूपमा यहाँ प्रस्तुत गरिन्छ–

तत्कालीन समयमा ललितपुर र भक्तपुरबीचको राजनैतिक सम्बन्ध राम्रो छँदा ललितपुरका राजा योग नरेन्द्र मल्लले भक्तपुर तलेजुमा एउटा था पूजा राखिदिएका थिए ।[३] उक्त था पूजाको संकल्प वाक्य यस प्रकार छ–

"माघ शुदि १५ मानग्वत्र जजमानस्य श्री २ जोगनरेन्द्रमलवर्मन श्री २

स्वेष्टदेवता प्रीत्यर्थं प्रतिवर्ष पंचोपंचार देवार्चन पूजा निमित्यर्थं ..."[४]

रणजित मल्लले 'वाभु' किल्ला दखल गरेको अवसरमा राखेको था पूजाको संकल्प वाक्य यस प्रकार छ–

"माघ वदि ३ श्री रणजित मल्लन दल थाना ॥ वा

भुत्तेलाया ॥ मानगोत्र जजमानस्य श्री २ जयरनजित मल्ल नृपति श्री २ स्वेण्टदेवता प्रीत्यर्थ प्रतिवर्ष पंचोपंचार देवार्चन…"[५]

भक्तपुर तलेजुमा था पूजा राख्ने पहिलो शाह शासक 'परम निर्गुणानन्द स्वामी' रणबहादुर शाह देखिन आएको कुराको पुष्टि यस विषयका स्रोत सामग्रीहरूको आधारमा थाहा पाइन्छ। आफ्नी रानी कान्तवती बिरामी हुँदा तिनको रोग निवारण होस् भन्ने अभिप्रायले उनले अन्यत्रका प्रसिद्ध देवस्थलमा पूजा-आजा गराउनुका साथै केही था पूजाहरू भक्तपुर तलेजुमा पनि राखिदिएका थिए; ती था पूजाका संकल्प वाक्य यस प्रकार छन्–

"मार्गसिलवदि ७ महारानीया च्याथाः॥ कास्यपगोत्र जजमानस्य श्री २ कान्तावति देव्याया.,… श्री ३ स्वेष्टदेवता प्रीत्यर्थं प्रतिवर्ष पंचोपचार देवार्चन…"[६]

"पौष शुदि १५ ॥ च्याथाया॥ कास्यपगोत्र जजमानस्य श्री २ परमनिर्गुनानन्द स्वामि वर्मनस्य… श्री २ स्वष्टदेवता प्रीत्यर्थ पंचोपचार देवार्चन…"[७]

राजेन्द्र विक्रम शाह वि. सं. १८७३ मा राजा हुँदा उनी नाबालक भएको कारणले उनको नायबी भई ललित त्रिपुरसुन्दरीले शासन चलाएकी थिइन्, अख्तियारी भीमसेन थापा थिए। आफ्नो नायबीकालमा ललित त्रिपुरसुन्दरीले पनि भक्तपुर तलेजूमा था पूजा राखिदिएकी थिइन्। तिनको नामबाट संकल्प गरी चलाइने था पूजाको संकल्प वाक्य यस्तो छ–

"माघ शुदि ७॥ महारानीया ॥ कास्यगोत्रजजमानस्य श्री २ ललितपुर-

सुन्दरिदेव्याया श्री २ स्वेष्टदेवता प्रीत्यर्थ … प्रतिवर्ष पंचोपचार …." [८]

उक्त परिप्रेक्ष्यमा राजेन्द्रविक्रम शाहले पनि भक्तपुर तलेजुमा प्रतिवर्ष पूजा गराउनको निमित्त वि.सं. १८८७ भाद्रमा ३ रोपनी खेत गुठी राखी मोहर गरिदिएको ताम्रपत्र यो हो।

भक्तपुर तलेजुमा राजेन्द्रविक्रम शाहको नामबाट संकल्प वाक्य पढी चलाइने दुइवटा था पूजाहरू देखिएका छन्। ती मध्ये वैशाख शुदि ३ रोज (अक्षेय तृतीया)मा गरिने था पूजाको शीर्षक 'नेठा था पूजा' रहेको छ,[९] यस दिन गरिने यस था पूजाको संकल्प वाक्य यस्तो छ–

"वैशाख शुदि ३ अक्षतृतिया श्री २ राजेन्द्र महाराजाया। ॥ ॥ कास्यापगोत्र जजमानस्य श्री २ राजेन्द्रविक्रम शाहदेव वरर्मनस्य श्री स्वेष्ट देवता प्रतिवर्ष, निसिघृत दीपमालिका दात्तुं श्री २ स्वेण्टदेवता पंचोपचार…"[१०]

माघ वदि पंचमीमा गरिने अर्को था पूजाको शीर्षक चाहीं 'श्रीपञ्चमी था पूजा' रहेको छ।[११] यस था पूजाको संकल्प वाक्य यस प्रकार छ–

"माघ वदि पंचमि ५ माहराजाया. कासिवगोत्र जजमानस्य श्री ३ राजेन्द्रविक्रम शाहदेव नृपतिनां सगनपरिनारानांनिसिघृत दिप…"[१२]

भक्तपुर तलेजुमा विभिन्न कालका शासकहरूले राखिदिएका था पूजाहरू मध्ये हाल (वर्षभरीका सबै था पूजाहरू) २९ वटा मात्र चलेका देखिन्छन्। ती था पूजाहरू पनि 'ठूला' र 'साना' गरी दुई प्रकारका छन्। खासगरिकन 'साना' था पूजाहरू मल्ल शासकहरूका र 'ठूला' था पूजाहरू शाह शासकहरूका छन्। त्यस्तै अनेक नामका था पूजाहरू छन्।[१३] आर्थिक लाभ भएको खुशीयालीमा राखिदिएको था पूजा 'लुँदव या था पूजा' (सुवर्ण लाभ भएकोमा) युद्धमा जितेको उपलक्ष्यमा राखिदिएको था पूजा 'रजाइँ था पूजा' पाँचतले मन्दिर बनेको उपलक्ष्यमा राखिएको था पूजाको नाम 'ज्ञातापोल था पूजा' लोहँ देग (भक्तपुर राजदरबारको प्राङ्गण अगाडिको ढुंगे मन्दिर) बनेको उपलक्ष्यमा राखिदिएको था पूजाको नाम 'लोहँ देग था पूजा' रहन गएको सन्दर्भतर्फ विचार गर्दा[१४] आफूले चिताएका र गरेका महत्त्वपूर्ण कार्य सिद्ध हुँदा, अनेक कृतिहरूको निर्माण एवं जीर्णोद्धार कार्य पूर्ण हुँदा तथा रोगबाट छुटकारा पाउन आदि अनेक कारणले ती था पूजाहरू शासकहरूले राखेका थिए भन्ने कुरा थाहा हुन्छ।

उक्त सन्दर्भमा राजेन्द्रविक्रम शाहले भक्तपुर तलेजुमा था पूजा के कारणले राखे; त्यस विषयम यहाँ प्रामाणिक रूपले भन्न नसके तापनि आफूले गरेको वा चिताएको कुनै

खास कार्यको सन्दर्भमा था पूजा राखिदिएका हुन् भन्ने कुरा बुझिन्छ ।

राजेन्द्रविक्रम शाहले था पूजाको निमित्त गुठी संकल्प गर्दा संकल्प वाक्य पढ्ने पुरोहित जदुनाथ पंण्डित अर्ज्याल, पानी हाल्ने जनरल भीमसेन थापा र साध लाउने सधियार थरघर मोदनाथ अर्ज्याल यस ताम्रपत्रमा उल्लेख हुन आएका छन् ।

गोरखामा शाह राज्य स्थापनामा गणेश पाँडे, गंगाराम राना आदि अनेक व्यक्तिका साथै नारायणदास अर्ज्यालको पनि योगदान रहेकोले अर्ज्यालहरू पनि (नारायणदास अर्ज्याल र उनका वंशजहरू) गोरखाली भारादारीमा 'थरघर' का नामले सम्मानित भई वंशानुगत रूपमा गोरखाली भारादारीमा स्थान पाएका थिए ।[१५] गोरखा राज्यको उदयको साथसाथै अघि बढ्ने मौका पाएका पण्डितवर्गमा नारायणदास अर्ज्यालका सन्तानहरू पनि पर्दछन् ।[१६] यस ताम्रपत्रमा 'संकल्पवाक्य पढ्नया पुरोहित जदुनाथ पण्डित अर्ज्याल' भनिएकोले यिनी त्यसताका राजपुरोहित थिए भन्ने कुरा थाहा पाइन्छ ।

राजेन्द्रविक्रम शाहको जन्म वि.सं. १८७० मा भएको थियो ।[१७] यताबाट यो ताम्रपत्र गरिदिएताका उनी १७ वर्षका भइसकेका थिए । अतः राजनैतिक दाउपेचको भरमा माथि आएका भीमसेन थापाको निमित्त राजेन्द्रविक्रम शाहको 'कम उमेर' पनि शक्ति सुदृढीकरणका लागि सहायक सिद्ध रहेको बुझिन्छ । रणबहादुर शाहको हत्यापछि राजसिंहासनमा लगातार रूपमा बालक राजाहरू (गीर्वाणयुद्ध विक्रम शाह, राजेन्द्रविक्रम शाह) देखा परेका तथा नायव ललित त्रिपुरासुन्दरी पनि आफ्नो पक्षमा भएकोले भीमसेन थापाको शक्ति असीमित रूपमा बढ्दै गएको थियो । यही क्रममा महत्त्वाकांक्षी भीमसेन थापाले वि.सं. १८६८ मा 'जनरल' पदवी लिई भारदारहरू भन्दा विशिष्ट बन्न पुगेका थिए ।[१८]

यस ताम्रपत्रमा भक्तपुर जिल्लाका अनेक स्थान र अनेक प्रकारका खेतका नामहरू दिइएका छन् । 'रैकर', 'वित्ता', 'सदावर्त', 'गुठी', 'सुनावित्ता', 'सुनावित्ता गुठी' आदि अनेक नामका खेतहरूको उल्लेख आएकोले तात्कालिक भूमि सम्बन्धी व्यवस्था बुझ्न पनि यो ताम्रपत्र उपयोगी देखिन्छ । 'लुकुन्दोल' (ब्रम्हायणी परिसरमा), 'चान्थौ' (चान्थली, हनुमानघाट पूर्व), 'पलेबु' (जगतिबाट दक्षिण पूर्व), 'व्यांना' (व्यांनाम्, निकांसेरा इलाका), 'वपिको', 'यामितामो' (यामिताँ, सल्लाघारीबाट पश्चिमपट्टिको पुल), 'बाकादोल', 'मुसुच्याकोल्पा' (मुसुपाको ?), 'मुगथौ' (मुगथली; झौरवेल इलाका), 'वदेको', 'कुम्पाको' (कुम्पारवा, ब्रम्हायणी पूर्व), 'नासाषु', 'मसांदोल' (ब्रम्हायणी पछाडि, पूर्व-उत्तर), 'सिमिगाल' (सूर्यविनायक ट्रलिबस पार्कबाट पूर्व पट्टि धालाखुसिमाथि), 'दिगुपा', 'न्हाकंदोल' (सिपडोल पूर्व), 'य्याथौ' (याते ?) आदि भक्तपुरका अनेक स्थानका नामहरू हुन् । त्यस्तै 'षस्यांग् षोला' (खासाडखुसुङ खोला) यस नगरको उत्तरतर्फ छ; 'धालाषुसि' (धालाखुसि) चाँहि दक्षिणतर्फको सानो खोल्सो हो । 'कुम्पाको' र 'नासाषु' का पछिल्तिर 'व्वाक' शब्दको उल्लेख पनि यस ताम्रपत्रमा परेका छन् । खोलाको किनारमा लाम्चो परेर गएको खेतलाई नेवारीमा 'व्वाक' भनिन्छ ।

यस ताम्रपत्रमा प्रतिवर्ष था पूजाको निमित्त चाहिने सराजाम खुलाएर दिइएका छन् । सराजामका ती सूचीमा सामग्रीको मोल पनि खुलाएर दिइएको हुँदा तत्कालिक बजारभाउ थाहा पाउन पनि उपयोगी छ । यस ताम्रपत्रमा उल्लिखित सामग्रीको मूल्य-सूची हुँदा त्यस बखत रांगो १२ रू. मा पाइन्थ्यो; बोको १ रू. ५० पैसामा पाइन्थ्यो; सेतो चामल मुरी १ रू. ३ पैसामा पाइन्थ्यो; घिउ १ धार्नीको १ रू.; चिनी १ धार्नीको ४५ पैसा; दूध १ पाथीको ४ आना १ पैसा; अदुवा १ धार्नीको २ पैसा २ दाम; नून १ मानाको ८ पैसा; जिरा १ मानाको ३ पैसा पर्दथ्यो भन्ने कुरा थाहा पाइन्छ । यसै गरी अरू चीजबीजको पनि तात्कालिक बजार भाउ यस ताम्रपत्रबाट थाहा हुन्छ ।

मूल्य सहित खोली सराजाम सूची शिलालेख, ताम्रपत्र आदिमा लेख्ने चलन अव्यवहारिक देखिन्छ । बजार भाउमा क्रमिक रूपले अन्तर आइरहने हुनाले मूल्य तोकी सराजाम राख्ने यस चलनले साविक बमोजिम पूजा चलाउन

गाऱ्हो पर्दै आइरहेको वास्तविकतालाई सहजै बुझ्न सकिन्छ ।

सन्दर्भ-सूची

१. यो ताम्रपत्र यस ठाउँमा छ भन्ने कुराको जानकारी दिनुको साथै अभिलेख पढी त्यसको उतार गर्ने कार्यमा समेत पनि आवश्यक व्यवस्था मिलाई सहयोग गरिदिनु हुने तलेजुका पूजारी श्री सुरेन्द्रवीर कर्माचार्यज्यूप्रति कृतज्ञता प्रकट गर्दछु । त्यस्तै अभिलेख पढ्ने सार्ने कार्यमा सहयोग गर्नु हुने श्री विनोदराज शर्माज्यूप्रति पनि कृतज्ञ छु ।

२. ताम्रपत्र, शिलालेख आदिको अन्त्यतिर यस विषयका एउटै व्यहोरा परेका श्लोकहरू तात्कालिक शाहकालका अभिलेखहरूमा पाइन्छन् । उदाहरणको निमित्त वि.सं. १८५६ को भक्तपुर तलेजुको गीर्वाणयुद्ध विक्रम शाहको ताम्रपत्रलाई लिन सकिन्छ । धार्मिक आस्था, नियम र अनुशासनमा चल्ने त्यस वखतको समाजमा यस्ता धार्मिक बन्देजले पनि निरन्तरता प्रदान गर्नमा सहयोग पुऱ्याएको बुझिन्छ । यहाँ यस श्लोकको अनुवाद भाग शाहकालका अभिलेखबाट लिइएको छ,– धनबज्र बज्राचार्य, टेक बहादुर श्रेष्ठ– शाहकालका अभिलेख (काठमाडौं, नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०३७) पृष्ठ ३०० ।

३. यस विषयको योगनरेन्द्र मल्लको सुवर्णपत्र तलेजु मूलचोकको उत्तरपट्टिको दलानमा छ । यसको अभिलेख 'अभिलेख संग्रह' सातौं भागको पृष्ठ २९-३० मा छापिएको छ ।

४. लेखकको संग्रहमा रहेको 'श्री ३ तलेजुस्के था पूजाया वाक्य' (अप्रकाशित) ठ्यासफूबाट ।

५. सोही ।

६. सोही ।

७. सोही ।

८. सोही ।

९. पुरूषोत्तम लोचन श्रेष्ठ 'भक्तपुर तलेजुको था पूजा: एक ऐतिहासिक विश्लेषण' प्राचीन नेपाल (काठमाडौं, पुरातत्त्व विभाग, वि.सं. २०४४) संख्या १०४, पृष्ठ १३ ।

१०. पाद टिप्पणी संख्या ४ ।

११. पाद टिप्पणी संख्या ९, पृष्ठ १६ ।

१२. पाद टिप्पणी संख्या ४ ।

१३. सोही, पृष्ठ १३-१७ ।

१४. सोही, पृष्ठ १३-१७ ।

१५. पाद टिप्पणी २, पृष्ठ ५४ ।

१६. सोही, पृष्ठ ३१३ ।

१७. शंकरमान राजवंशी 'ऐतिहासिक कुण्डली' पृष्ठ १८४ ।

१८. पाद टिप्पणी संख्या २ पृष्ठ ४९८ ।

कालमोचनघाट र आसपासका मठ, मन्दिर एवं सत्तलहरू

–सरला मानन्धर

प्राचीनकालदेखि नै कला र वास्तुकलाको क्षेत्रमा काठमाडौं उपत्यकाको आफ्नै महत्त्व र गरिमा रही आएको छ । यस ऐतिहासिक उपत्यकाको विभिन्न ठाउँमा रहेका विभिन्न स्मारकहरूले पनि यस कुरालाई पुष्टि गर्दछ । यी हाम्रा सांस्कृतिक सम्पदाहरू हाम्रो देशको जिउँदो इतिहास हुन् । जसलाई हाम्रा पुर्खाले माया ममताले सयौं वर्षदखि संरक्षित गर्दै आइरहेका थिए । यस्तै क्रममा हाम्रा पुर्खाले उक्त सम्पदाहरूको हेरविचार मर्मत सम्भार तथा जीर्णोद्धार आदि कार्यहरू सञ्चालनको लागि गुठीको समेत व्यवस्था गरेका थिए । यिनै गुठीबाट हाम्रा यी सम्पदाहरूको रेखदेख हुँदै आइरहेको थियो । तर समयको अन्तराल एवं गतिबिधिसँगै आजभोलि सन्ततिहरूको मन मस्तिष्कमा पनि परिवर्तन आएको छ। किनभने आजभोलिका सन्ततिहरूमा पुराना संस्कारको अभावमा हाम्रा यी सांस्कृतिक सम्पदाहरूलाई आघात पुऱ्याउने, टुटफुट गराउने, विरूप पार्ने तथा नाजायज तरिकाले कब्जा गरी आफ्नो व्यक्तिगत हितमा प्रयोग गर्ने मात्र नभई निजीकरण गर्नमा समेत पछि परेका छैनन् । सार्वजनिक सम्पत्तिको रूपमा रहेका यी गौरवपूर्ण निधिको संरक्षण र सम्बर्द्धन गरी बचाउन आज नित्तान्त आवश्यक भएको छ ।

यसै परिप्रेक्ष्यमा काठमाडौं महानगरपालिका वडा नं. ११ मा छरिएर रहेका विभिन्न स्मारकहरू संरक्षणको अभावमा दिन पर दिन बिग्रदै गइराखेका छन् । यस्ता धार्मिक, ऐतिहासिक एवं पुरातात्त्विक दृष्टिकोणले महत्त्वपूर्ण ठहरिएका सम्पत्तिको समयमै संरक्षण गरी अतिक्रमण र नाश हुनबाट बचाउन नित्तान्त आवश्यक छ। यस स्थितिमा प्रस्तुत विवरण संग्रहले सम्बन्धित विषयमा काम कारवाही गर्न केही हदसम्म सघाउ पुऱ्याउने छ ।

कालमोचनघाट र आसपासका मठ, मन्दिर एवं सत्तलहरूको संक्षिप्त परिचय

पुण्येश्वर मन्दिर

पुण्येश्वर मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११, त्रिपुरेश्वरमा अवस्थित छ ।

रणबहादुर शाहकी रानी पुण्ये सुन्दरीले आफ्नो र आफ्नो वंशको मुक्तिको लागि महादेव स्थापना गरी यो मन्दिर निर्माण गरिदिएकी थिइन् । १९९० सालको ठूलो भुकम्प पछि मर्मत गर्दा पहिलेको भन्दा सानो बनाइएको हो भन्ने कुरा सम्बन्धित पूजारी श्री मोहनकृष्ण झाबाट जानकारी पाइएको छ ।

यो मन्दिर गुम्बज शैलीमा निर्माण गरिएको छ। मन्दिरको गर्भ गृह भित्र शिवलिङ्ग र चारैतिर पाञ्चायन देवताहरू स्थापना गरेका छन् र बाहिर बामदेव र बसाहा रहेको छ।

यस मन्दिरको सञ्चालन गर्नको लागि गुठी संस्थानबाट एक जना पूजारीको व्यवस्था गरिएको छ। सम्बन्धित पूजारीबाट वैदिक विधि अनुसार बिहान नित्य पूजा र बेलुकी आरती गर्ने गरिएको छ। शिवरात्रि, वैकुण्ठ चतुर्दशी र ठूलो एकादशीमा पर्व पूजा गर्ने गरिएको छ।

कालमोचन हनुमान् मन्दिर

कालमोचन हनुमान् मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११ कालमोचनमा रहेको छ। कालमोचनमा रहेको हनुमानको मूर्ति भएको मन्दिर भएकोले नै यसको नाम कालमोचन हनुमान हुन गएको हो।

यो मन्दिरको बारेमा अध्ययन गर्न केही ऐतिहासिक प्रमाणहरू पाइएका छैनन्। तापनि किम्बदन्तीको अनुसार वागमती र विष्णुमतीको संगममा बसेर हनुमानजीले तपस्या गरेर कालताई जितेको ठाउँ यही हो भन्ने स्मृतिको लागि हनुमान् मन्दिर स्थापना गरिएको हो। यो मन्दिर गुठीमा दर्ता छैन। यसको निर्माण काल यकीन रूपमा थाहा हुन नसके पनि मन्दिरको शैलीको आधारमा राणाकालीन निर्माण कार्य हो भन्ने कुरा बुझिन्छ।

यो सानो हनुमान्को मन्दिर गुम्बज शैलीमा बनाइएको छ। यो मन्दिर ईंटको तीन पेटी माथि अवस्थित छ। मन्दिरको गारोमा बज्र प्लाष्टर गरेको छ र ढोकाको चौकस काठ भएको तर खापा नभएको। मुख्य हनुमान्जीको मूर्ति रहेका र दायाँ बायाँ चन्द्रमा र भैरवका मूर्तिहरू रहेका छन्।

यस हनुमान्जीको मन्दिरको सुरक्षा र सञ्चालनको व्यवस्था नभएकोले त्रिपुरेश्वर मन्दिरको आयस्ताबाट नै पूजा सञ्चालन भइरहेको भन्ने जानकारी सम्बन्धित पूजारी श्री गिरीधारीज्यूबाट प्राप्त भएको छ।

यस मन्दिरको सत्तल र बगैंचा सुरक्षाको राम्रो व्यवस्था नभएमा अतिक्रमण हुने सम्भावना रहेको छ।

वदन मुक्तेश्वर

वदन मुक्तेश्वर मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११ कालमोचनमा अवस्थित रहेको छ।

वदन नाम गरेकी श्री ३ वीर शम्शेरकी सुसारेको नाममा शिवलिङ्ग स्थापना गरी बनाइएको मन्दिर भएकोले वदन मुक्तेश्वर नामकरण गरिएको हो।

श्री नानीबाबु उपाध्यायका अनुसार प्रधानमन्त्री वीर शम्शेरका सुसारे वदन भन्नेले आफूले कमाएको पैसाले आफू मरेपछि शिवलिङ्ग स्थापना गरी मन्दिर बनाई दिने इच्छा गरेर गएको हुनाले वीर शम्शेरले इ.स. १८८५-१९०१ मा निर्माण गरिदिएका थिए।

गजूर सहितको गुम्बज शैलीमा निर्मित यस मन्दिरको इँटको गारोमा बज्र प्लाष्टर गरिएको छ। मन्दिरको ढोका एक तर्फ मात्र रहेको छ।

यस मन्दिरको सञ्चालन गुठी संस्थानबाट हुने र सुरक्षाको व्यवस्था पूजारीकै जिम्मामा छ। पूजारीबाट नित्य पूजा र शिवरात्रिमा पर्व पूजा गरिने परम्परा रहेको छ।

जङ्ग हिरण्य हेमेश्वर मन्दिर (नरबेश्वर)

जङ्ग हिरण्य हेमेश्वर मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११, कालमोचनमा रहेको छ।

सम्बन्धित पूजारी श्री श्यामनाथबाट प्राप्त जानकारी अनुसार प्रधानमन्त्री जङ्ग बहादुर राणाले १८४६-४७ इ.सं. मा आफ्ना रानीहरू हिरण्य र हेमको नाउँ अमर रहोस् भनी यो मन्दिर निमार्ण गरिदिएका थिए।

यो मन्दिर गुम्बज शैलीको छाना माथि तामाको गजूर सहित बनेको छ। जुन ढुङ्गाको तीन पेटी माथि अवस्थित रहेको छ र मन्दिरको ढोका एक तर्फ मात्र रहेको छ। मन्दिरको गारोको ईंटा माथि बज्र प्लाष्टर गरिएको छ।

यस मन्दिरको गर्भ गृहमा शिवलिङ्ग स्थापना

गरिएको छ । गुठी संस्थानबाट एक जना पूजारी श्री श्यामनाथलाई नियुक्त गरिएको छ । वैदिक विधि अनुसार पूजारीबाट नित्य पूजा गरिन्छ । मन्दिरको ढोकामा ढुङ्गाको चौकस भएको तर खापा नभएकोले जहिले पनि खुल्ला रहने भएकोले सुरक्षित देखिदैन ।

कालमोचन घाटको छेउमा रहेको यस मन्दिरको चारैतिर अति नै फोहर छ र मन्दिर घुम्न पनि नसकिने अवस्थामा रहेको छ ।

मन्दिरको ढोकामा खापा नभएकोले जो पनि भित्र पसी मनपरी गर्ने भएकोले सुरक्षा एवं सफाइको दृष्टिकोणबाट खापा राख्नु पर्ने देखिन्छ । पहिले काठको खापा भएकोमा चोरी भएको भन्ने कुरा बुझिन आएको छ । मन्दिरको चारैतिर सफाइ राख्नु अति नै जरूरी छ ।

जङ्ग हिरण्य हेमनारायण मन्दिर

जङ्ग हिरण्य हेमनारायण मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११, कालमोचनमा अवस्थित छ ।

प्रधानमन्त्री जङ्ग बहादुर राणाले आफ्नो र आफ्ना रानीहरू हिरण्य र हेमको नाउँमा बनाएको हुँदा यस मन्दिरको नाम जङ्ग हिरण्य हेम भएको हो ।

यो मन्दिरको ऐतिहासिक जानकारीको आधारको रूपमा जङ्ग बहादुर राणाको सुन मोलम्बा शालिक भएको स्तम्भमा रहेका शिलालेख र मन्दिरमा कुँदिएका हरफहरू रहेका छन् । जस अनुसार प्रधानमन्त्री जङ्ग बहादुर राणाले आफ्नो बेलायत यात्रापछि वि.सं. १९३१ मा यो मन्दिर निर्माण गरेका थिए । १९९० सालको ठूलो भूकम्पले भत्किएकोले १९९२ सालमा जीर्णोद्धार गरिएको हो ।

यो मन्दिर गुम्बज शैलीमा बनेको छ। ढुङ्गाको तीन पेटीमाथि बनाइएको यो मन्दिरको तल्लो भाग चौकन्न आकारको रहेको छ । मन्दिरको चारैतिर काठको कलापूर्व ढोकाहरू रहेका छन् र चारै तिर सुन मोलम्बा सिंहहरू राखेका छन् । गुम्बज आकारको छाना माथि घण्टाकार सुन मोलम्ब गजूर राखिएको छ । मन्दिरको ईंटाको गारो माथि बज्र प्लाष्टर गरिएको छ । मन्दिर रहेको ठूलो कम्पाउण्डमा तेली इँटाले छापेकोमा घाँस उम्री इँटा नै नदेखिने भएको छ ।

गर्भ गृहमा नारायणको साथै लक्ष्मी र सरस्वतीका मूर्तिहरू स्थापना गरेका छन् ।

यो मन्दिरको सञ्चालन गुठी संस्थानबाट भइरहेको छ । पूजारी श्री श्यामनाथ उपाध्यायबाट वैदिक विधि अनुसार नित्य पूजा र कृष्णाष्टमी, वैकुण्ठ चतुर्दशी र ठूलो एकादशीमा पर्व पूजा गरिन्छ ।

हाल यस मन्दिरको सत्तलहरूमा गुठी तहसिल र गुठी खर्चको कार्यालयहरू रहेका छन् ।

पिपलको बोटहरू उम्रिएकोले मन्दिर भत्किनबाट बचाउन रासायनिक उपचार प्रकृयाबाट संरक्षण गर्नु पर्ने जरूरी छ ।

गोपाल मन्दिर

गोपाल मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११, कालमोचनमा अवस्थित छ

गोपालजीको मूर्ति स्थापना गरी बनाइएको मन्दिर भएकोले गोपाल मन्दिर नामकरण गरिएको हो ।

प्रधानमन्त्री जङ्ग बहादुर राणाले यो मन्दिर वि.सं. १९४० मा निर्माण गरी नित्य नैमित्तिक पूजा, पर्व-पर्वका पूजा, ब्रतबन्ध, गुठीयार, पूजारी, सुसारे, झाडु, बदारू, बाजा बजाउने कामदारको व्यवस्था गरी गुठी राखी खेतको आम्दानी नगदी जिन्सीले श्री गोपालजीको मन्दिर सञ्चालन गर्ने भन्ने मन्दिरको मूलढोका अगाडि रहेको सत्तलको भूई तलामा रहेको शिलालेखमा उल्लेख गरिएको छ ।

यो मन्दिर गुम्बज आकारको छानामा सुन मोलम्बा गजूर राखी बनाइएको छ । यो मन्दिर ढुङ्गाको पेटी माथि अवस्थित रहेको छ । मन्दिरको निर्माण ईंटाको गारो माथि बज्र प्लाष्टर गरिएको छ। ढोकामा एउटा मात्र, काठको जाली खापा रहेको, तोरण र चौकोस कलापूर्ण ढुङ्गाको छ ।

मन्दिर बाहिर गरूड स्थापना गरिएको छ । यस

गोपाल मन्दिर पनि गुठी संस्थानबाट सञ्चालन भइरहेको छ र पूजारी श्री शिव प्रसाद उपाध्याय हुनुहुन्छ। वैदिक विधि अनुसार पूजारीबाट नित्य पूजा, कृष्णाष्टमी र मन्दिरको वार्षिकोत्सवमा विशेष पूजा गरिने परम्परा रहेको छ।

वैरागी अखडा (मठ)

वैरागी अखडा मठ काठमाडौं महानगरपालिका वडा नं. ११, त्रिपुरेश्वरमा अवस्थित छ। वैरागीहरूको बसोबासको लागि बनेको मठ भएको हुनाले यसको नाम वैरागी अखडा रहन गएको हो।

यस मठको स्थापना बारेमा प्रष्ट जानकारी दिने कुनै प्रमाण फेला पार्न सकिएको छैन। गुठी संस्थानबाट प्राप्त भएको जानकारी अनुसार प्रधानमन्त्री जङ्ग बहादुर राणाले इ.सं. १८४६-७७ मा निर्माण गरी हण्डीको पनि व्यवस्था गरिदिएको व्यहोरा लालमोहरमा उल्लेखित छ भन्ने कुरा बुझिएको तर सो लालमोहर हेर्न पाइएको छैन। हालसम्म पनि गुठी संस्थानबाट महन्तको जिम्मामा १५ जना जोगीहरूलाई हण्डी ख्वाउने व्यवस्था भई नै रहेको छ।

यो मठ साधारण सत्तल शैलीमा एक तले छ। मठको कम्पाउण्ड भित्र गुम्बज शैलीको मन्दिर बनेको छ। जसको नामकरण "राम मन्दिर" गरिएको छ। यो मन्दिरको छाना माथि सानो गजूर राखेको छ। कुनै कला नभएको साधारण शैलीमा बनेको छ।

यो मन्दिर निर्माणको हकमा ईंट, माटो बज्र, र काठ प्रयोग गरिएको छ। मन्दिरमा राम, लक्ष्मण, सीता र हनुमान्को मूर्ति रहेको छ। मन्दिरको पूजारी श्री महन्त अर्जुनदास हुनुहुन्छ। जगन्न प्रकाशेश्वर गुठीको आयबाट सञ्चालन हुने। वैदिक विधि अनुसार नित्य पूजा र राम नवमीका दिन विशेष पूजा महन्तद्वारा नै गर्ने गरिएको छ।

उदासी अखडा (मठ)

उदासी अखडा (मठ) काठमाडौं महानगरपालिका वडा नं. ११, कालमोचनमा अवस्थित छ।

यस मठको ऐतिहासिकता बारे जानकारी दिने कुनै प्रमाणहरू पाउन सकिएको छैन। गुठी संस्थानबाट प्राप्त जानकारीबाट यो मठ इ.सं. १८४६-७७ मा प्रधानमन्त्री जङ्ग बहादुर राणाले साधु सन्तहरू बास बस्नको लागि निर्माण गरी हण्डीको पनि व्यवस्था गरिदिएका थिए। सोको लालमोहर छ भन्ने बुझिएको तर हेर्न पाइएको छैन। हालसम्म पनि गुठी संस्थानबाट महन्तको जिम्मामा १३ जनाजाई दैनिक हण्डी ख्वाउने व्यवस्था भई नै रहेको छ। साधारण नेपाली घरको बनावटले बनेको यस मठको कम्पाउण्ड भित्र एउटा सानो मन्दिर टायल र जस्ताको छाना भएको र ईंट, माटो, बज्र र काठ प्रयोग गरी निर्माण गरिएको छ।

गुरू नानकको मूर्ति र शालीग्रामहरू सानो मन्दिर भित्र राखिएको छ। मन्दिरको पूजारी श्री चेतनदास (महन्त) हुनुहुन्छ। जगन्न प्रकाश र गुठीको आयस्रोतबाट सञ्चालन हुने र गुरू ग्रन्थको पूजा गर्ने गरेको छ।

सन्यासी अखडा (मठ)

सन्यासी अखडा (मठ) काठमाडौं महानगरपालिका वडा नं. ११, कालमोचन, त्रिपुरेश्वरमा अवस्थित छ।

भगवान शिवको नाउँमा बनाएको हुनाले यस मठको नाम सन्यासी अखडा भएको हो। यस मठको ऐतिहासिकता बारे जानकारी दिने कुनै तथ्य प्रमाणहरू उपलब्ध गर्न सकेको छैन। महन्तको भनाइ अनुसार इ.सं. १८४६-७७ मा प्रधानमन्त्री जङ्ग बहादुर राणाले योगीहरूको लागि मठ बनाई दिई हण्डीको पनि व्यवस्था गरिदिएका थिए। हालसम्म पनि गुठी संस्थानबाट महन्तको जिम्मामा १४ जना जोगीहरूलाई हण्डी खुवाउने भई नै रहेको छ। सोको लालमोहरमा उल्लेखित भएको भन्ने कुरा बुझिएको तर हेर्न पाइएको छैन।

यो मठ १९९० सालको ठूलो भूकम्पपछि जीर्णोद्धार गरिएको हुनाले यसको शैली साधारण एक तले नेपाली घरको जस्तै छ। यस कम्पाउण्ड भित्र सानो चारपाटे मन्दिर

रहेको छ। जसको छाना टायलले बनेको छ। छानामा टायल र जस्ताले छोपेको छ। निर्माण सामग्रीको हकमा इँट, माटो, बज्र र काठ प्रयोग भएको छ। सो मन्दिरमा रामेश्वर महादेव (शिवलिङ्ग) को मूर्ति राखिएको छ । सोको पूजारी श्री शिवानन्द गिरी हुनुहुन्छ । जगन्न प्रकाशेश्वर र गुठीको आयबाट सञ्चालन हुने गरी नित्य पूजा वैदिक विधि अनुसार महन्तले गर्ने गरेको छ। पर्व पूजामा शिवरात्रि, नागपञ्चमी, गङ्गा दशहरा, दशैं, नवरात्रि पूजा र कन्या पूजा गर्ने र हरेक सोमबार भजन गर्ने चलन रहेको छ ।

नाथ अखडा (मठ)

नाथ अखडा (मठ) काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा अवस्थित छ ।

गोरखानाथको नाममा यो अखडाको नाम नाथ अखडा भएको हो ।

यो मठ वि.सं. १९३०-३१ मा प्रधानमन्त्री जङ्ग बहादुर राणाले स्थापना गरिदिएका थिए। जङ्ग बहादुर राणाले जगन्न प्रकाशेश्वर गुठीको आयस्ताबाट सञ्चालन गर्ने गरी चारवटा अखडा जोगीहरूको लागि खडा गरिदिएका थिए। जसमध्ये यो नाथ अखडा पनि एक हो । यस अखडाको महन्तको भनाइ अनुसार चारवटा अखडाहरूको सञ्चालन र व्यवस्थाबारे एउटै लालमोहरमा उल्लेखित छ र त्यो लालमोहर एकजना महन्तको जिम्मामा रहेको छ । सो लालमोहर भने अध्ययन गर्न पाइएको छैन ।

यो साधारण सत्तल जस्तो बनाइएको छ। पहिले भिंगटीको छाना रहेकोमा वि.सं. १९९० सालको भूकम्प पछि जस्ताको छाना हालेको छ। निर्माण सामग्रीको हकमा माटोको जोडनीमा इँटाको गारो लगाइएको ।

सानो मन्दिर भित्र गोरखनाथको ढुङ्गाको मूर्ति तामाको चरण पादुका, हनुमान् गणेश र शिवलिङ्ग छन् । मन्दिरको पूजारी श्री महन्त महादेव नाथ योगी हुनुहुन्छ। जगन्न प्रकाशेश्वर गुठीको आयबाट सञ्चालन हुने गरी महन्तबाट नित्य पूजा र दशैं, नागपञ्चमी, वैशाख पूर्णिमा, शिवरात्रि, नवरात्रि र पर्व पूजा गर्ने परम्परा रहेको छ ।

सम्बन्धित पूजारीको भनाइ अनुसार पहिले यो मठ चारैतिर रहेकोमा बागमतीको नयाँ पुल बनाउँदा सडक विभागले दक्षिण र पश्चिमको पूरा घर र उत्तर पट्टिको आधा घर भत्काई सडक बनाइयो र गुठी संस्थानले दुवैतिर नयाँ भवन बनाइएको छ। महन्तका अनुसार पहिले तीन रोपनी जग्गाको कम्पाउण्ड भएकोमा हाल सानो ठाउँ मात्र बाँकी भएको छ ।

महन्तको जिम्मामा गुठी संस्थानबाट दैनिक आठ जनाको हण्डी आउने, पूजा खर्चको हकमा दिनको एक मोहर र गाईको दानाको लागि दिनको पाँच मोहर आउने गरेको छ। महन्तबाट नित्य पूजा र दशैंमा, नाग पञ्चमीमा, वैशाख पूर्णिमा, शिवरात्रिमा र नवरात्रिमा पर्व पूजा गर्ने परम्परा रहेको छ ।

पहिले चारैतिर मठ भएकोमा वि.सं. २०२२-२३ तिर भत्काई हाल पश्चिमतिर फर्केको एक हिस्सा मात्र बाँकी रहेको भन्ने कुरा पनि सम्बन्धित महन्तबाट जानकारी प्राप्त भएको छ ।

पाञ्चायन

पाञ्चायन काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा अवस्थित छ ।

पाञ्चायन देवताहरूको नामबाट पाञ्चायन नाम रहेको छ। हिन्दू संस्कृतिमा पाञ्चायन देवताहरूको पूजा गर्ने प्रचलन अनुरूप पाँच वटा मन्दिर वि.सं. १९०४ मा प्रधानमन्त्री जङ्ग बहादुर राणाले निर्माण गरेका थिए। अन्यत्र पाञ्चायनमा दुर्गाको मूर्ति प्रतिस्थापित गरेको पाइन्छ भने त्यहाँ राणाहरूको देवता बाल त्रिपुरासुन्दरीको मूर्ति र मन्दिरको पनि विशेष रूपले निर्माण गरी त्यही नै देवाली गर्ने परम्परा आज पनि देखिरहेको छ। शिलापत्र मन्दिरको बाहिर स्थापना गरेको छ । मन्दिर गुम्बज शैलीको छ । निर्माण सामग्रीको हकमा इँट, बज्र, काठ, ढुङ्गा र माटो प्रयोग भएको छ। मन्दिरको बाहिरी भागमा बज्र प्लाष्टर गरिएको छ ।

मन्दिरमा गणेश, कुल देवता, भीमसेन, इष्ट

देवता, भैरव, भगवती, सूर्यनारायण, राधाकृष्ण, हनुमान्, शिव र नरसिंह स्थापना गरिएको छ । शिवजीको ढोका अगाडि कामदेव र कीर्तिमुख भैरव, बाहिर घाटमा शिवजी र विष्णु पादुका रहेको छ । पूजारीको हकमा विश्वनाथ अधिकारी, कोशनाथ, ठाकुर पराजुली र विष्णु पराजुली गरी जम्मा ४ जना हुनुहुन्छ । पूजाआजा जगनन्द प्रकाशेश्वर गुठीबाट सञ्चालन हुने गरेको छ ।

वैदिक विधि अनुसार नित्य पूजा र आरती समेत हुन्छ। कृष्णाष्टमी र शिवरात्रिमा पर्व पूजा, वैशाख पूर्णिमाको दिनमा राणाहरूको १ वर्ष ब्रिराएर देवाली पूजा गरिने परम्परा रहेको छ। इष्ट देवताको मन्दिरको चाँदीको ढोका देवाली पूजामा मात्र खोलिने गरेको छ। अरूबेला ढोकामा नै पूजा गर्ने र दैनिक भजन गरिने चलन रहेको छ ।

जंग नन्देश्वर शिव मन्दिर

जंग नन्देश्वर शिव मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा अवस्थित छ ।

जङ्ग बहादुरले आफ्नो नाम र मुख्यानी पछि रानी नन्द कुमारीको नाम अंकित गरी स्थिर र स्थायीको लागि निर्माण गरेको मन्दिर हो । सो मन्दिर वि.सं. १९०२ मा जनरल जङ्ग बहादुर राणाले आफ्नै कम्पाउण्ड भित्र शिवलिङ्ग स्थापना गरी यो मन्दिर बनाई प्रशस्त गुठी राखी दिएका थिए। साथै यसको आयस्ताबाट अरू देवस्थल तथा मठहरू पनि सञ्चालन गर्ने व्यवस्था गरी दिए । जङ्ग बहादुरको सबैभन्दा पहिलो कृति यही हो । ताम्रपत्र तथा त्यहाँ स्थित घण्टामा कुँदेको हरफहरूको र पाञ्चायनको शिलापत्रबाट यी कुराहरूको जानकारी प्राप्त हुन्छ ।

यो मन्दिर मुगल शैलीमा तीन पेटीमाथिल बनाइएको छ। जसको चारैतिर ढोका राखिएको छ। गुम्बज छाना र सुन मोलम्बा गजूर रहेको छ। निर्माण सामग्रीको हकमा ईंट, बज्र, काठ, ढुङ्गा तथा माटो, मन्दिरको बाहिरी भागमा बज्र प्लाष्टर गरिएको छ । गर्भ गृहभित्र मुख्य शिवलिङ्ग र चारकुनामा गणेश, भगवती, विष्णु, र सूर्य छन् । मुख्यद्वार बाहिर भैरव र मन्दिरको चउरमा कामदेव मन्दिर स्थापना गरिएको छ । पूजारी कोशनाथ हुनुहुन्छ । वैदिक विधि अनुसार नित्य पूजा बिहान र बेलुकी आरती गरिन्छ । श्रीपञ्चमी र शिवरात्रिमा विशेष पूजा हुन्छ । यो मन्दिरको सञ्चालन गुठी संस्थानबाट भइरहेको छ। पूजाको बेलामा मात्र मन्दिरको ढोका खोल्ने गरिएको एवं ढोकाको साँचो पूजारीसंग हुने गरेको छ ।

मन्दिरको चारैतिर रहेको जमीनको अतिक्रमण भएको छ र मन्दिर जाने मुख्य ढोका नै बन्द गरी जग्गा अतिक्रमण गरी घर बनाइएको छ। मन्दिरको वरिपरि रहेको पाटी भत्केर गइरहेको र चाँडै नै कुनै व्यवस्था नभए सबै पाटी भत्किने सम्भावना रहेको छ ।

यो मन्दिर दयनीय अवस्थामा रहेको छ। पिपलको बोटहरू उम्रिएकोले भत्किनबाट बचाउन रासायनिक प्रकृयाबाट संरक्षण गर्नु आवश्यक छ ।

तीन शिवालय (दीप मुक्तेश्वर, नन्द मुक्तेश्वर र जगनन्न मुक्तेश्वर)

दीप मुक्तेश्वर, नन्द मुक्तेश्वर र जगनन्न मुक्तेश्वर काठमाडौं महानगरपालिका वडा नं. ११, थापाथलीमा अवस्थित छ ।

जगन्न प्रकाशेश्वर गुठीको आयबाट सञ्चालन हुने गरी वि.सं. १९१०-१९१२ मा प्रधानमन्त्री जङ्ग बहादुर राणाले यी तीनवटा मन्दिरहरू आफ्ना बहिनीहरू दीपा कुमारी र जगत कुमारीको नाममा बनाई दिएका थिए भन्ने जानकारी पाञ्चायनको शिलालेख र गुठी संस्थानबाट प्राप्त भएको छ ।

यो मन्दिर शिखर शैलीमा बनेको र सोको शिखरमा गजूर जडान गरेको छ । हाल दुइवटा सानो मन्दिरको गजूर नभएको तर खाली गजूर अडाउने काठ मात्रै रहेको छ। निर्माण सामग्रीको हकमा माटोको गारोमा बज्र प्लाष्टर गरेको छ । तीनवटै मन्दिरहरू भित्र शिवलिङ्ग स्थापना गरेको छ। पूजारी श्री यदुनाथ र श्री बालहरी वर्मा हुनुहुन्छ । यी तीन शिवालय जगन्न प्रकाशेश्वर गुठीको आयस्ताबाट गुठी संस्थानले सञ्चालन गरेको छ। तीनवटा

मन्दिर मध्ये ठूलो मन्दिरमा साँचो लगाइएको र अरू दुइवटा मन्दिरमा ढोका नभएकोले खुल्ला रहेको छ ।

नित्य पूजा र साँझमा आरती गर्ने परम्परा रहेको छ । साथै वर्ष बन्धन र शिवरात्रिमा विशेष पूजा हुन्छ । मन्दिरहरूमा बत्ती बालिने परम्परा रहेको छ । पूजाको समयमा बाजा बजाउनको लागि ८ जवानको दरबन्दी रहेको छ ।

त्रिपुरेश्वर महादेव मन्दिर

त्रिपुरेश्वर महादेव मन्दिर काठमाडौं महानगरपालिका वडा नं. ११, त्रिपुरेश्वरमा अवस्थित छ ।

ललित त्रिपुरासुन्दरीको नामबाट यो मन्दिरको नामकरण भएको र यस मन्दिरको अवस्थितिको कारणले गर्दा स्थानीय टोलको नाम त्रिपुरेश्वर रहेको बुझिन्छ ।

श्री ५ रण बहादुर शाहको कनिष्ठ रानी ललित त्रिपुरासुन्दरीले राजाको मुक्ति र सम्पूर्ण जनताको हितको लागि तथा कालमोचन क्षेत्रमा धार्मिक उपासनाको दिग्दर्शनको लागि यन्त्राकार र दिगदेवताहरूको स्थापना गरी वि.सं. १८७६ मा यो मन्दिर निर्माण गरिदिएका थिए । यस मन्दिरको सञ्चालनको लागि प्रशस्त जग्गा, जमीन राखी त्रिपुरासुन्दरीको शालिक भएको ढुङ्गाको स्तम्भमा कुँदिएको शिलालेख, नन्दी भएको ढुङ्गाको स्तम्भमा कुँदिएको शिलालेख, ठूलो ताम्रपत्र जुनकि हाल गुठी संस्थानमा राखेको छ । लालमोहरमा सो कुरा उल्लेख पनि गरिदिएको पाइन्छ ।

पाँच पेटीहरूको माथि प्रचलित नेपाली छत्र शैलीमा देवल निर्माण गरेको छ । तीन तले छाना भएको र छाना माथि सुन मोलम्बा गजूर राखिएको छ । सबैभन्दा तलको छाना झिंगटीको र अरू माथिको दुई छाना तामामा सुन मोलम्ब लगाएको छ । निर्माण सामग्रीको हकमा तेली इँटा, माटो, काठ ढुङ्गा र बज्र प्रयोग गरिएको छ ।

गर्भ गृहभित्र शिवलिङ्ग र वि.सं. १८७५ मा प्रतिस्थापना गरेको दक्षिणतिरको ढोकामा कीर्तिमुख भैरवको मूर्ति छ । साथै मन्दिरको चारैतिर विभिन्न मूर्तिहरू छन् । क्रमशः वीर भद्र, यमराज, नृत्यदेवता, नारायण, वरूण, दिगपाल, बासुकी नाग, वायु, भ्रीगी, कुवेर, चण्डेश्वर, इशान, कामदेव, ब्रम्हा, गणेश, अंग्नि र इन्द्र देवताहरू छन् । सोको पूजारी श्री गिरीधारी भक्त हुनुहुन्छ । ताम्रपत्रमा उल्लेख भए बमोजिम गुठी संस्थानबाट सञ्चालन हुने गरी तान्त्रिक र वैदिक विधि अनुसार पूजा गर्ने गरिएको छ । दैनिक नित्य पूजा र भजन पनि गरिन्छ । विशेष गरी पर्व पूजाहरू वैशाखमा वर्षबन्धन, आषाढमा एकादशीका दिन, श्रावणमा पवित्ररोहमा, भाद्रमा तीजको दिन, आश्विनमा दशैं, कार्तिकमा महास्नान, पौषमा धनुमाष, माघमा श्रीपञ्चमी, सप्तमी, चौथी, फाल्गुणमा शिवरात्रि र चैत्रमा दमनारोहणका दिनमा पूजा गरिन्छ । सम्बन्धित व्यक्तिहरूबाट सुरक्षाको व्यवस्था गरी पूजाको बेला मात्र ढोका खोल्ने गरिएको छ ।

त्रिपुरेश्वर महादेव मन्दिरको फूलबारीको अतिक्रमण भएको भन्ने सम्बन्धित पूजारीबाट थाहा हुन आएको छ ।

शाहवंशको वास्तुकलाहरू मध्ये संस्कृति, कलाको साथै धार्मिक पक्षमा पनि अपूर्व गरिमा अंगाली राखेको यो मन्दिरको संरक्षण हुनु अति नै जरूरी छ । काठको कलापूर्ण ढोकाहरू साथै टुँडालहरूको रासायनिक प्रकृयाबाट संरक्षण गर्नु पर्ने अत्यावश्यक रहेको छ । नत्र पछि गएर शाहवंशको संस्कृति, कला र धार्मिक विशाल कृतिको इतिहास पनि लोप हुने सम्भावना देखिन्छ । चारैतिर रहेको सत्तलहरू पनि बिग्रदै गइरहेकोले चाँडै नै जीर्णोद्धार गर्नुपर्ने आवश्यकता रहेको छ । यस मन्दिरका पूजारीका भनाइ अनुसार ताम्रपत्र साथै लालमोहरहरूमा उल्लेखित कुराहरू व्यवहारमा नभएको र चारैतिरको अतिक्रमणबाट नराम्रो आघात परेको छ ।

फलक १

जंग हिरण्य, हेमनारायण मन्दिर, कालमोचन

त्रिपुरेश्वर महादेव मन्दिर

सांस्कृतिक परिप्रेक्ष्यमा हलेसी महादेव

–ओम प्रसाद सुवेदी

१. भूमिका:

नेपाल प्राचीनकालदेखि नै देवभूमि तथा तपोभूमिको रूपमा चिनिदै आएको छ। आफ्नै मौलिक कला, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाहरूको कारणले गर्दा आज नेपालले विश्वमा आफ्नो चिनारी कायम गरेको छ। विभिन्न वर्ग तथा समुदायका आ-आफ्नै धार्मिक तथा सांस्कृतिक परिवेशलाई अभिव्यक्त गर्ने थुप्रै धार्मिक तथा सांस्कृतिक स्थलहरू यहाँ खचाखच छन्। भौगोलिक, सांस्कृतिक, धार्मिक सम्पदाहरूको विविधताहरूले भरिएको सुन्दर राष्ट्र भएको हुनाले विभिन्न स्थलहरूको आ-आफ्नै सांस्कृतिक विशेषता रहेको छ। देशका विभिन्न भागमा रहेका प्राकृतिक देवालय, शिवालय, मठ-मन्दिर, गुम्बा तथा ऐतिहासिक स्थलहरूमा परापूर्वकालदेखि नै नेपालीहरूले आध्यात्मिक शक्तिमा विश्वास गरी सांस्कृतिक भावना प्रकट गर्दै आएका छन्। प्राकृतिक गुफा तथा मन्दिरहरूलाई प्रमुख सांस्कृतिक स्रोत मानिने भएको हुनाले खोटाङ्ग जिल्ला स्थित "हलेसी महादेव"को गुफा तर्फ यस लेखलाई केन्द्रीत गरिएको छ।

२. हलेसीको भौगोलिक स्थिति:

भौगोलिक दृष्टिले हेर्दा हलेसी समथर नभई भिराला पाखा तथा डाँडाकाँडाले भरिएको छ। खोलानाला तथा वन जङ्गलको कमी, यातायातको असुविधा र ढुङ्गेचाइला डाँडाकाँडाले गर्दा हलेसीको जनजीवन कठोर छ। पहाडी भू-भागको कारणले गर्दा सिंचाइको असुविधा, राम्रो खेती नहुनुका साथै भिराला जमीन भए तापनि अनकन्टार दुर्गम भू-भाग भने यहाँ छैन। यो गाउँ विकास समिति समुद्रको सतहबाट ३१०० फीटदेखि ४७३६ फीट[1]सम्मको उचाइमा अवस्थित छ।

जिल्ला सदरमुकाम दिक्तेलबाट ८ कोष पश्चिममा रहेको यो गाउँ विकास समिति चतुर्भुज आकारको देखिन्छ। उत्तरपूर्वको कुनामा अर्खौले गाउँ विकास समिति, दक्षिण-पश्चिमको कोणमा दुर्छिम गाउँ विकास समितिको सिमाना र उत्तर-पश्चिममा दारागुट गाउँ पर्छ। यसै गरी पूर्वमा धितुङको चिउरी डाँडा र अर्खौलेको मल्ल थुम्क, पश्चिममा मगल्टारको सेतुवा, टिखेखोला र भोर्लेनी जङ्गल पर्दछ।

यसै गरी उत्तरमा सल्ले गाउँ विकास समितिको ढुङ्गेखोला पर्दछ भने दक्षिणको सिमानाको काम वायाकु खोलाले गरेको छ। हलेसी महादेवस्थान गाउँ विकास समिति ८६ ३५' देखि ८६ ४०' पूर्वी देशान्तर र २७ १०' देखि २७ १४' उत्तरी अक्षांशसम्म फैलिएको छ।[2]

३. आख्यान तथा किंवदन्तीहरू:

प्रत्येक धार्मिक तथा सांस्कृतिक तीर्थस्थलहरूको उत्पत्ति र प्राप्तिसंग सम्बन्धित आ-आफ्नै मौलिक गरिमा र कहानीहरू हुन्छन् । हलेसी महादेवको उत्पत्तिको विषयसंग सम्बन्धित आख्यान तथा किंवदन्तीहरू पुराणका कथासंग मिल्दाजुल्दा छन् ।

प्रचलित किंवदन्ती अनुसार पौराणिककालमा 'वृकासुर' नाम गरेको राक्षसले दिव्य १२ हजार वर्षसम्म तपस्या गऱ्यो । यस्तो तपस्याबाट प्रसन्न भएका 'शिवजी'ले "जसको टाउकोमा म हात राख्छु, त्यसको भष्म होस्" भन्ने वृकासुरको माग अनुसारको वर महादेवले "तथास्तु"! भनी दिए । यसरी वर पाएको वृकासुरले महादेवको साथमा रहेकी पार्वतीलाई आफ्नी बनाउन महादेवलाई भष्म गर्न चाहन्थ्यो र महादेवको टाउकोतिर हात अगाडि बढायो । आफूले दिएको आशीर्वादले आफ्नो हत्या हुने हुनाले महादेव भागे, वृकासुर पछि पछि लखेट्दै गयो । सारा ब्रम्हाण्ड खेदी सकेपछि हिमालय पर्वत हुँदै दूधकोशीबाट उकालो चढी सुन्दर हलेसी थुम्कोमा आई पुगे र आफ्नो त्रिशूलको सहायताले एक लामो र ठाडो गुफा बनाए । गुफाको मुखमा वृकासुर आएमा भित्र पस्न रोक्न एक बसाहा, माथि लामो नाग र वरिपरि अरू गणहरू राखी 'वृकासुर आएमा थाहा दिनु' भनी अन्हाई गुफाबाट माथि चढी अर्को सुरक्षित गुफामा विराजमान भए । यही महादेवले लुक्न बनाएको गुफा 'बसाहास्थान' हो । बसाहास्थानको शुरूको पत्थरको बसाहा महादेवले वृकासुरलाई रोक्न राखेको भन्ने किंवदन्ती प्रचलित छ । यसै गरी माथि पट्टिको बाजा र मादल जसको आवाज यथार्थ जस्तै लाग्छ, यस्ता बाजा र मादल गणहरूले वृकासुर आएको खबर दिन बजाएका हुन् भन्ने किंवदन्ती प्रचलित छ । यसै गरी गुफाको अन्तिममा मानिसको जस्तो पाइला महादेवले टेकेको पाइलो भन्ने किंवदन्ती प्रचलित छ ।

वृकासुर देखेर लुक्न गएका महादेवले माथिपट्टि बनाएको महादेवस्थानको गुफा हो भन्ने किंवदन्ती प्रचलित छ । यस गुफामा सुरक्षित रूपमा लुकिरहेका महादेवलाई वृकासुरले खेदेको र आपत परेको कुरा भगवान विष्णुले थाहा पाएपछि भगवान विष्णु पार्वतीको रूप धारण गरी तत्कालै त्यहाँ आएर वृकासुरलाई अल्मल्याउन थाले । र "साँच्चीकै पार्वती म हुँ, हामीसंगै नाचौं, म नाच्न तिमीलाई सिकाउँछु, तिमीले म जस्तै नाच, अनि हामी विवाह गरौंला भनी वृकासुरलाई पार्वतीको रूप धारण गरेका विष्णुले अल्मल्याए । दुवैको नाच खेल शुरू भयो । नाच्दा नाच्दै आफ्नै हात थाप्लोमा परी वृकासुर भष्म भयो । यसरी वृकासुर भष्म भएपछि तेत्तीसकोटी देवताबाट पुष्पवृष्टि भयो भन्ने किंवदन्ती प्रचलित छ । बसाहास्थानको नजिक वेदङ्गको ठूलो ढुङ्गालाई वृकासुरको 'खप्पर' र त्यहाँ पाइने कडा चट्टानलाई वृकासुर राक्षसको 'हड्डी' मानी तीर्थालु भक्तजनहरू यहाँ खुट्टाले कुल्चेर आउँछन् ।

हलेसीको प्राप्तिको बारेमा प्रचलित अर्को आख्यान अनुसार परापूर्वकालमा यस स्थानमा एक अनकन्टार जङ्गल थियो । एक्लै यहाँ हिंड्न कसैको हिम्मत थिएन । एक दिन एउटा शिकारी बन्दूक र शिकारी कुकुरसाथ शिकार खेल्न आए र उनले सुनौला मृगदेखि लखेट्न थाले । लखेट्दै जाँदा मृग गुफाभित्र पस्यो र वेपत्ता भयो र मृगलाई लखेट्दै जाने कुकुर पनि गुफामा पसी बेपत्ता भयो र एकोहोरो कुकुरको आवाज भने आई रह्यो । भोलिपल्ट कुकुरलाई खोज्ने क्रममा शिकारी गुफाभित्र पसेर हेर्दा गुफाभित्र झलमल बत्ती बलेको, बालबच्चा नाचिरहेका र महादेव, पार्वती र अन्य गणहरू पनि देखेको हुनाले उक्त शिकारीले यो कुरा प्रचार प्रसार गऱ्यो र महादेवस्थान भएको तथ्य थाहा भयो ।

४. हलेसीको नामकरण:

हलेसीको नामकरण सम्बन्धी अनेकौं कथा, किंवदन्ती तथा आख्यानहरू प्रचलित छन् । बूढापाकाहरू यहाँ हलेसो नाम गरेको चरा पाइने हुनाले नाम हलेसी रहेको हो भन्दछन् ।

प्रचलित किंवदन्ती अनुसार महाभारतको युद्ध पूर्व गौहत्याको अभियोग लागी यसबाट हुने पापबाट मुक्त हुन कृष्णको दाजु बलरामले सारा तीर्थस्थलको भ्रमण गर्ने

क्रममा हलेसीमा आई आफ्नो हलोको सहायताले गुफा निर्माण गरी शिवलिङ्गको स्थापना गरी दर्शन गरे। बलरामले हलोको सहायताले गुफा निर्माण गरेका हुनाले "हलेश्वर" नाम रहन गएको र "हलेश्वर"बाट सजिलोको लागि "हलेसी" नामकरण गरिएको हो भन्ने किंवदन्ती प्रचलित छ । यस स्थानको नामकरण सम्बन्धी अर्को प्रचलित किंवदन्ती अनुसार वृकासुर राक्षसको भष्म भएपछि सर्वप्रथम 'विष्णु' अर्थात 'हरि'ले महादेव अर्थात 'ईश्वर'लाई दर्शन गरेका थिए । हरिले ईश्वरलाई दर्शन गरेका हुनाले हरि+ईश्वर=हरिश्वर नाम रह्यो र हरिश्वरबाट अपभ्रंश भई 'हेलेश्वर' भयो र 'हलेश्वर' पछि हलेसी नाम रह्यो भन्ने किंवदन्ती प्रचलित रहेको छ ।

५. प्राचीनता:

हलेसी महादेवस्थानको उत्पत्ति र प्राप्तिको विषयसंग सम्बन्धित विभिन्न पौराणिक कथा, आख्यान तथा किंवदन्तीको बारेमा चर्चा गरियो तर हालसम्म यो स्थानको प्राचीनतालाई पुष्टि गर्ने कुनै ठोस प्रमाण प्राप्त गर्न सकिएको छैन । केही इतिहासकारहरूले हलेसी महादेवको महत्त्व 'किराँतकालीन नेपाल' अर्थात किराँतीहरूको शासनकालदेखि नै रहँदै आएको र किराँती राजाहरूले हलेसी महादेवस्थानको दर्शन गरेको कुरा उल्लेख गरेका छन् । इतिहासकार सुब्बा प्रेम बहादुर मोनाहाङका अनुसार किराँती राजा येकेन हाङ्का जेठा छोरा लेलिमहाङ्गले कलिगत् २२९५ तिर हलेसी महादेवको दर्शन गरेको[३] र अर्का किराँती राजा शाङखहाङले कलिगत् २२४७ मार्ग शीर्ष महिनामा हलेसी गुफा पुगी शिव, पार्वती, ब्रम्हा, विष्णु र गण समेत लुकी बसेको शिवलिङ्गको दर्शन गरी केही गुठी चढाए ।[४] यसै गरी लेलिमहाङका भाइ खामसोङहाङ (माझ किराँतका प्रथम राजा)ले हलेसी महादेवलाई इष्ट देवता मानी नित्य पूजाको प्रबन्ध गरी पर्वमा बलि र यात्रा समेत चलाउने चलन चलाए ।[५] यी राजाहरूले चढाएको गुठीको कुनै ऐतिहासिक प्रमाण, अभिलेख आदि हालसम्म पत्ता लागेको छैन र हलेसीमा बली चढाउने प्रथा पहिलेदेखि नै निषेध भएको हुनाले उपरोक्त तथ्यलाई प्रमाणित गर्ने ठोस ऐतिहासिक स्रोत हालसम्म फेला परेको छैन ।

श्री ५ रण बहादुर शाहले खोटाङ्का मनोरथ आचार्यलाई वि. सं. १८४७ मा लेखेको पत्रमा हलेसीमा लाख बत्ती चढाउन भनी उल्लेख गरिएको र वि. सं. १८५४ मा चौतरीया शेर बहादुर शाहले मनोरथ आचार्यलाई बली चढाउन नभई लाखबत्ती चढाउन भनी पत्र लेखेका थिए । यस्तै अर्को पत्रमा हलेसी महादेवमा बैठक बनाई चढाइदिने आदेशपत्र लेखिएको छ। उपरोक्त तीनवटै पत्रहरूमा बलि चढाउने बारे लेखिएको छैन ।[६]

सातौं शताब्दिमा बौद्ध धर्मका सुप्रसिद्ध भिक्षु पद्मसम्भवले तपस्या गरेको हुनाले बौद्ध धर्मावलम्बीहरूको लागि यो ठाउँ अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रसिद्ध हुन गएको छ ।[७] प्रसिद्ध भिक्षु पद्मसम्भवले अतिसा नामक बौद्ध भिक्षुभन्दा पहिले भारतबाट नेपालमा आई तिब्बत गएर बौद्ध धर्मको उपदेश[८] दिएका थिए । यही तथ्यलाई आधार मानी हलेसी महादेवलाई बौद्ध धर्मावलम्बीहरूले पनि प्रमुख तीर्थस्थलको रूपमा मान्दै आएका छन्। हलेसी महादेवस्थानको प्राचीनतालाई पुष्टि गर्ने आधारहरू बुद्ध धर्मका तिब्बती भाषामा लेखिएका प्राचीन ग्रन्थहरूबाट थाहा हुने हुनाले यो ठाउँ बुद्ध धर्मावलम्बीहरूको अति पवित्र प्राचीन महत्त्वपूर्ण तपोभूमि भएको कुरा थाहा हुन्छ ।

वि. सं. १८०० तिर एक अनकन्टार पहाडमा रहेको शिवको मन्दिर एक राई शिकारीले पत्ता लगाएको भन्ने भनाइ एक लेखकको लेखबाट थाहा हुन्छ ।[९] हलेसी महादेवस्थानको प्राचीनताबारे माथि उल्लेख भई सकेकोले वि. सं. १८०० तिर पत्ता लागेको भन्ने कुरालाई प्रमाणित गर्ने कुनै आधार छैन। तसर्थ लेखकले आफ्नो भनाइ संशोधन गर्नु पर्ने देखिन्छ । फेरि वि. सं. १८०० भन्दा धेरै अगाडि भक्तजनहरूले चढाएका अभिलेख सहितका घण्टाहरू हलेसीमा फेला परेका छन् । ऐसेलुखर्क बस्ने वीरजमान राइले वि. सं. १६६४ मा चढाएको घण्टामा "श्री संम्र १६६४ सा ल का र्ति क मा अ स्या लु ख र क व स न वी र ज मा न रा ई ले स्री सी व जी ला ई च रा य को घं ट । शु

भ म्" भन्ने लेखिएको छ । यस बाट वि.सं. १६६४ भन्दा अगाडि नै हलेसी महत्त्वपूर्ण तीर्थस्थल भएको कुरा थाहा हुन्छ । पुरातत्त्व विभागले गरेको सर्वेक्षण अनुसार हलेसी महादेवको अस्तित्त्व ७/८ सय वर्ष अगाडिदेखि रहेको मानिएको छ।[१०] जे होस् हलेसी महादेवस्थानको प्राचीनतालाई पुष्टि गर्ने कुनै ठोस प्रमाण प्राप्त नभए तापनि बौद्ध धर्मावलम्बी अर्थात् लामाहरूका प्राचीन ग्रन्थहरूको आधारमा यो अति प्राचीनकालदेखि नै अस्तित्त्वमा रहेको कुरा थाहा हुन्छ ।

६. हलेसीको धार्मिक तथा सांस्कृतिक महत्त्वः

हलेसी महादेवस्थान धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रसिद्ध हुन गएको छ । तीर्थालु भक्तजनहरू महादेव पार्वतीको दर्शन गर्न र यहाँका अनौठा गुफा, भू-आकृतिको अवलोकन गर्न नेपालका विभिन्न भागबाट र भूटान, वर्मा जापान, फ्रान्स, तिब्बत, थाइलैण्डका अतिरिक्त मित्रराष्ट्र भारतको दार्जिलीङ, कालिम्पुङ र सिक्किमबाट समेत बौद्ध धर्मावलम्बीहरू आएर आ-आफ्नो तवरले दर्शन र पूजापाठ गर्दछन् । राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट वि. सं. २०३९ साल पौष २५ गते पूर्वाञ्चल विकास क्षेत्रको अनौपचारिक भ्रमणको सिलसिलामा हलेसी महादेवस्थान सवारी भई महादेवको मन्दिरमा पूजा अर्चना गरिबक्सेको थियो ।[११] यसै गरी भूटान नरेश जिग्मे सिङ्घे वाङचुकबाट सन् १९८७ नोभेम्बरमा हलेसी महादेवस्थान सवारी भई महादेव स्थानमा दर्शन गरिबक्सेको थियो । हलेसी महादेवस्थान लुम्बिनी र पशुपति जत्तिकै अन्तर्राष्ट्रिय क्षेत्रमा प्रसिद्ध रहेको छ ।

हलेसी महादेवले सन्तान नहुनेलाई सन्तान दिने, गरीब दीन-दुःखीहरूको कल्याण गर्ने, दुष्टको संहार गर्ने, खडेरीमा पानी दिने, रोगीको रोग निर्मूल पार्ने, पितृलाई पार तार्ने र चिताएको काम पुऱ्याई दिने कुरामा विश्वास गरी भक्तजनहरू टाढा-टाढाबाट आई आफ्नो धार्मिक भक्ति प्रकट गर्दछन् । हलेसी महादेवमा वर्षमा चारवटा मेलाहरू रामनवमी, तीज, बाला चतुर्दशी र शिवरात्रिमा लाग्दछन् । यी मेलाहरूमा टाढा-टाढाबाट आएका तीर्थालु भक्तजनहरूले प्रकट गरेको विविध धार्मिक तथा सांस्कृतिक झाँकी र क्रियाकलापहरूको रोमान्चकारी बयान जति गरे पनि कमै हुन्छ ।

७. हलेसीको ऐतिहासिक महत्त्वः

किराँती राजा शाङखोहाङले कलिगत २२४७ र लेलिमहाङले कलिगत् २२९५ मा उनका भाइ खाम्सोङहाङ समेतले हलेसीको दर्शन गरेको कुरा उल्लेख भएको भए तापनि हलेसीको ऐतिहासिक महत्त्व श्री ५ रणबहादुर शाहको शासनकालदेखि झल्कन्छ । किनकि हलेसीसंग सम्बन्धित ऐतिहासिक स्रोतहरू, अभिलेख, लालमोहर, ताम्रपत्र तथा अन्य ऐतिहासिक कागजपत्रहरू श्री ५ रण बहादुर शाह र उनको शासनकाल पछिका मितिका प्राप्त भएका छन्। यसभन्दा अगाडिका कुनै ठोस ऐतिहासिक स्रोत उपलब्ध छैनन् । श्री ५ रणबहादुर शाहले वि. सं १८४३ मा गरेको गुठी व्यवस्थालाई कायम गर्दै श्री ५ गीर्वाणयुद्ध विक्रम शाहले वि. सं. १८६१ मा हलेसीका महन्त श्री मनोहर गिरीको नाममा गुठी सम्बन्धी लालमोहर गरी मनोहर गिरीलाई पूजारीको उपाधि[१३] समेत दिएका थिए । श्री ५ रण बहादुर शाहको पालाका ऐतिहासिक कागजपत्रहरूको अध्ययन गर्दा रण बहादुर शाह कालीन नेपालको विवादास्पद इतिहासलाई प्रमाणित गर्न सघाउ पुग्छ ।[१४]

८. हलेसीको पर्यटन दृष्टिले महत्त्वः

दूध कोशी दोभानबाट पूर्व इशान तथा मौरेलेक चुलीबाट पश्चिमपट्टिको उच्चा उठेको थुम्कोमा सुन्दर जङ्गलको दृश्य छ; यही थुम्कोको अगाडि पछाडि तथा बीचको तीन गुफाहरूको संगमस्थल नै तीर्थस्थल हलेसी हो । यहाँका तीन गुफाहरूमध्ये पूर्वको भैरवस्थान, दक्षिणको ६७ मी. लामो बसाहस्थान र माथिको सिंढीदेखि अन्तिमसम्म ७५ मीटर लामो गुफा महादेवस्थान हो ।[१५] प्रकृतिका अनुपम उपहारको रूपमा रहेका यी गुफाहरूले देश विदेशबाट

पर्यटकहरूलाई आकर्षण गरिरहेको छ । हिन्दू तथा बौद्ध धर्मावलम्बीहरू तीर्थ यात्रा गर्न आउँछन् भने यूरोप, अमेरिकाका अन्य धर्मावलम्बीहरू यहाँका प्राकृतिक छटाहरूको दृश्यावलोकन गरी आत्मालाई मोहित बनाउन यस क्षेत्रको यात्रा गर्दछन् ।

हलेसीमा रहेका प्रकृतिका तीन गुफाहरू र गुफाभित्रको अनौठो सुन्दर आकृति, महादेवस्थान भित्रका पापद्वार, धर्मद्वार, कर्मद्वार, स्वर्गद्वार र जन्मद्वार जस्ता ५ धार्मिक द्वारहरूको दृश्य तथा यसमा प्रकट हुने धार्मिक तथा सांस्कृतिक झाँकी, हलेसी माथिको गुराँसे भञ्ज्याङबाट देखिने विश्वको सर्वोच्च शिखर सगरमाथाको रोमाञ्चकारी दृश्य, विभिन्न जनजातिहरूको आ-आफ्नै सांस्कृतिक क्रियाकलाप तथा स्वच्छ हावापानीको कारणले गर्दा यो ठाउँ पर्यटन दृष्टिले महत्त्वपूर्ण मानिन्छ ।

९. पूजाविधि र आय सञ्चालन पद्धतिः

हलेसी महादेवको पूजा परम्परागत विधि विधानबाट यहाँका सन्यासी (पूजारी) बाट गर्ने चलन छ। यहाँ नित्यपूजा र पार्वीक पूजा गरी २ प्रकारका पूजा विधिहरू प्रचलित छन्। नित्य पूजा प्रत्येक दिन बिहान बेलुका यहाँका सन्यासी पूजारीका १२ वर्षे छोराबाट बिहानको झुल्के घाममा चोखो पानी, चन्दन, अक्षता, अबीर, सिन्दूर, केशरी, गाईको दूध, धूप, दीप, नैवेद्य र फूलपातीद्वारा शिवजी, ब्रम्हा, विष्णु, गणेश, कुमार र पशुपतिलाई स्नान गराई नगर्चीद्वारा नगरा, भ्याली बजाई पूजा गर्ने चलन छ । यसरी बिहान पूजाको बेलामा बजाइने नगरा तथा भ्यालीले सम्पूर्ण गुफा नै गुन्जायमान हुन्छ। दोस्रो पार्वीक पूजा रामनवमी, शिवरात्रि, बालाचतुर्दशी तथा तीजमा पूजारीद्वारा भव्यताका साथ सम्पन्न गरिन्छ र पर्व पूजामा शिवजीलाई गहना पहिऱ्याउने चलन पनि छ ।

पूजारी दाजुभाइहरू एक-एक वर्षको पालो गरी पूजा-आजाको कार्य सञ्चालन गर्नुको साथै आम्दानी पनि पूजारीहरूले नै उपभोग गर्दै आएका छन् । यसका साथै भक्तजनहरूबाट चढाइएका अन्न, भेटी पनि यहाँको प्रमुख आयस्रोत हो । यही आम्दानीबाट पूजा-आजा र पूजारी खान्नी पनि चलेको छ ।

१०. गुठी व्यवस्थाः

हलेसी महादेवमा वि.सं. १८४३ देखि श्री ५ रण बहादुर शाहको पालामा जारी भएको गुठी सम्बन्धी व्यवस्थालाई थमौती गरी श्री ५ गीर्वाणयुद्ध विक्रम शाहले वि. सं. १८६१ माघ ७ गते मंगलबारका दिन मनोहर गिरीका नाममा लालमोहर गरी दिनुको अतिरिक्त जम्मा १६० मुरी खेतको थप गुठीको व्यवस्था गरेका थिए ।[१६] गुठी लगत तथा तहवील कार्यालय भद्रकालीको गुठी लगत पत्रमा दर्ता भए अनुसार सुनसरी जिल्लाको वसवितामा ११३ बिगाहा, नुनी गाउँमा १८८ र वडहरी गाउँमा १८६ बिगाहा[१७] गरी जम्मा ४८७ बिगाहा भन्दा बढी जग्गा हलेश्वर महादेव गुठीको नाममा दर्ता भएको भए तापनि पूजारी मनोहरी, राजवल गिरी र उनीहरू पछि कसैले पनि सो जग्गा भोग नगरेको हुनाले हाल पिण्डेश्वर मठ धरानले उपभोग गरी रहेको देखिन्छ।[१८] तर पिण्डेश्वर मठको नाममा कुनै सनद, सवाल आदि नभएकोले उक्त छूट गुठीको जग्गा हलेसी गुठीको नाममा दर्ता गरी आयस्रोत हलेसीले नै असूल गर्नुपर्ने देखिन्छ ।

११. हलेसी महादेवका प्रमुख समस्या र सुझावहरूः

हलेसी महादेवस्थानमा "चौतर्फी विकास" नामक सामाजिक संस्थाले सामाजिक विकासका कार्यहरू गर्दै आएको छ। यस क्षेत्रको उत्थानमा देखिएका समस्याहरू र सुझावहरू निम्नानुसार छन्–

१. महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्थलको रूपमा रहेको हलेसी महादेवस्थानसम्म पुग्न यातायातको असुविधाको कारणले आवागमनमा असुविधा परेको छ । तसर्थ उदयपुर जिल्लाको गाइघाट वा कटारीबाट हलेसी जोड्ने सडक निर्माण गर्न जरूरी छ ।

२. पर्यटन दृष्टिकोणले हलेसी महादेवस्थान महत्त्वपूर्ण भएको हुनाले पर्यटन विकासका पूर्वाधारहरू यातायात, संचार, होटेल, मनोरन्जन, सूचनाकेन्द्र आदिको स्थापना गर्न जरूरी छ ।

३. हलेसी महादेवस्थानको गुठीको जग्गा सुनसरी जिल्लाको नुनीगाउँ, वडहरी र वसविर्ता गाउँमा जम्मा ४८७ बिगाहाभन्दा बढी रहेको छ । गुठी सम्बन्धी वि. सं. १८६१ को लालमोहर अनुसार गुठी लगत तथा तहवील कार्यालय भद्रकालीमा हलेश्वर महादेवको गुठीको नाममा उक्त जग्गा दर्ता भएको भए तापति यहाँको सबै आम्दानी हालसम्म पिण्डेश्वर गुठी धरानबाट असुल भइरहेको छ । उपरोक्त जग्गाको आम्दानी हलेसी महादेवबाट नै असूल गरी तीर्थस्थल हलेसीको नाममा खर्च गर्नु पर्ने देखिन्छ ।

४. पूजारीले गर्नु पर्ने पूजा-आजा, न्यास, ध्यान लगायत अन्य नित्य कर्म राम्ररी गर्ने व्यवस्था हुनु पर्छ ।

अन्य सुझावहरूमा सरकारी तथा गैर सरकारी क्षेत्रबाट यस क्षेत्रको अनुसन्धान, सर्वेक्षण हुनुपर्ने, अनुसन्धानकर्ताहरूलाई उत्साहित गर्नु पर्ने, धार्मिक, सांस्कृतिक वस्तुहरूको अझ राम्रो संरक्षण र सम्बर्द्धन हुनु पर्ने, पार्वती स्थान र पाँच धार्मिक द्वारहरूको भित्रपट्टिका प्राकृतिक सौन्दर्यताको संरक्षण गर्न माथि बार लगाउनु पर्ने र हलेसी महादेवस्थानको आसपासका नाङ्गा डाँडाहरूमा वृक्षरोपण गरी वातावरण स्वच्छ बनाउनु पर्ने आवश्यकता खड्की रहेको छ ।

१२. उपसंहार:

पूर्वी नेपालको खोटाङ जिल्लामा रहेको हलेसी महादेवस्थान नेपालका प्रमुख तीर्थस्थल मध्ये एक मानिन्छ । पशुपतिनाथ र लुम्बिनी जतिकै अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चित हुनाले यो तीर्थस्थलको प्रभाव क्षेत्र भारतको सिक्किम, दार्जिलीङ, कालिम्पुङ र भूटानसम्म रहेको छ ।

हलेसी महादेवस्थानमा भिक्षु पद्मसम्भवले तपस्या गरेको कुरा बौद्ध ग्रन्थहरूबाट अवगत हुन्छ । यस स्थानको प्राचीनतालाई पुष्टि गर्ने प्रमाणहरू भने हालसम्म पाउन सकिएको छैन । वि.सं. १८६१ मा गीर्वाण युद्ध विक्रम शाहले गरेको गुठी सम्बन्धी व्यवस्थाभन्दा अगाडिका प्रमाणहरू प्राप्त भएका छैनन् । हलेसी महादेव धार्मिक तथा सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक तथा पर्यटन दृष्टिले महत्त्वपूर्ण मानिन्छ । रामनवमी, शिवरात्रि, बालाचतुर्दशी र तीजमा भव्य मेला लाग्ने यो तीर्थस्थलमा भक्तजनहरूबाट चढाइएको नगदी र जिन्सीबाट नै नित्य पूजा-आजा र पर्व पूजाका साथै पूजारी खान्नी पनि यसैबाट चलेको छ ।

सुन्दर प्राकृतिक गुफा, भू-आकृति र अन्य मनोरम दृश्यहरूको कारणले यस स्थानको लोकप्रियता दिनानुदिन बढिरहेको हुनाले यसको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको कर्तव्य हुन आउँछ । सरकारी स्तरको मात्र मुख नताकी गैर सरकारी संघ, संस्था तथा राजनैतिक पार्टीहरूले समेत यस स्थलको विकासको लागि ध्यान दिनु पर्ने देखिन्छ ।

पाद टिप्पणी:

१. स्थलगत नापी महाशाखाबाट प्राप्त मानचित्रको आधारमा ।

२. ऐजन ।

३. सुब्बा प्रेम बहादुर मोवाहाङ– संक्षिप्त नेपाल इतिहास (ग्वारको पाटनः किराँत प्रकाशन तथा अभिलेख केन्द्र, २०४७) पृष्ठ संख्या ७८–८० ।

४. ऐजन ।

५. ऐजन ।

६. ज्ञानमणि नेपाल– नेपाल निरूक्त (ने. रा. प्र. प. काठमाडौं, २०४०) पृष्ठ संख्या ३३३–३३४ ।

७. ओम सुवेदी "हलेसी महादेस्थानः एक सांस्कृतिक अध्ययन" खोटाङ, वर्ष ५, अङ्क २, (काठमाडौंः खोटाङ से. स., २०५१) पृष्ठ १५ ।

८. नेपाली वृहत् शब्दकोष –(काठमाडौं: ने. रा. प्र. प., २०४०) पृष्ठ ७७६ ।

९. रत्न कुमार गिरी –"हलेश्वर महादेव एक परिचय" खोटाड, वर्ष १, अङ्क १, (काठमाडौं: खोटाङ सेवा समाज, २०४६) पृष्ठ संख्या ९९ ।

१०. सांस्कृतिक सम्पदाको प्रारम्भिक सर्वेक्षण प्रतिवेदन (काठमाडौं: पुरातत्त्व विभाग, २०४५) पृष्ठ संख्या १६

११. गोरखापत्र, वर्ष ८२, अङ्क २४३ (काठमाडौं: २०३८ पौष २६ गते सोमबार) पृष्ठ १ ।

१२. पाद टिप्पणी नं. १० ।

१३. हेर्नोस्, गुठी सम्बन्धी मार्ग बदी ८, रोज ३ वि.सं. १८६१ को श्री मनोहर गिरीको नाममा श्री ५ गीर्वाण युद्ध विक्रम शाहको पालामा जारी भएको गुठी सम्बन्धी लालमोहर । यो लालमोहर हलेसी महादेवस्थानका हालका पूजारी भवानी शंकर गिरीको संग्रहमा सुरक्षित रहेको छ। यो लालमोहर परिशिष्ट १ मा दिइएको छ ।

१४. पाद टिप्पणी नं ७, पृष्ठ २० ।

१५. ओम प्रसाद सुवेदी –"हलेसीका प्राकृतिक गुफा तथा धार्मिक द्वारहरू: एक सांस्कृतिक अध्ययन" धर्म सन्देश (काठमाडौं: सनातन धर्म सेवा समिति, २०५१) पृष्ठ ४१ ।

१६. पाद टिप्पणी नं १० ।

१७. हेर्नोस् गुठी लगत तथा तहविल कार्यालय, भद्रकालीको लगत पञ्जिका नं. ९८७ को हलेश्वर महादेवको गुठी लगत पत्र ।

१८. ऐजन ।

परिशिष्ट–१

वि.सं १८६१ मा श्री ५ गीर्वाण युद्ध विक्रम शाहबाट हलेसी महादेवका गुठीयार पूजारी श्री मनोहर गिरीको नाममा जारी गरिबक्सेको गुठी सम्बन्धी लालमोहर । यो लालमोहर हलेसी महादेवको महन्त श्री भवानी शंकर गिरीको संग्रहमा सुरक्षित छ ।

लालमोहको छाप

श्री दुर्गा १
श्री हलेश्वर महादेव
२
श्री बुबाज्यु

१. स्वस्ती श्री गिरी राज चक्र चुडामनि नरनाराऐंनत्यादि विवीध

२. विरुदावली वीराजमान मानित्यांत श्री मंन माहाराजा धिराज श्री

३. श्री श्री माहाराज्ये गीरीवारा जुद्द वीक्राम साह बाहादुर संसेर

४. जङ्ग देवानाम सदासमर विजया नाम.....आगे मनोहर गी

५. री के सम्मत १८४३ सालमा.....१..... बाट .....२..... प्रीती गुठी विर्ता ग

६. री चढायेको. हलेसी मद्धे- छलाषु कुंडल्या षेत. तस्को साध पूर्व षा

७. र षोलस्व. दछीं कोसी पसीम सपांषु षोल्सा. उर्तर. भज्यांग भेडा वारी के

८. डिको षोल्सो. येती चार कील्ला भीत्रको जमीन. षर्क वीद्राल समेत षेत

९. मुरी १२० महादेव व्यासीको. षाडरी वोट्या षेत. पुर्व कोसी छेउंको ठुलो

१०. ढुंगो दक्षींण डाडो पश्रीम. सेराको कुलो वाध. उंतर तितरीको बोट ये

११. ती चार कील्ला भीत्र षेत मुरी ४० जमा षेत मुरी एक सऐ साटी १६०

१२. औ सल्यानी डाडा पातल्या केरावारी मालषु घड्यारी तस्को साध

१३. पुर्व चा.वातुं काभ्या भंज्याग को पोषरी. दक्षीन मुलतुं पानी. पसीम.

१४. चीर्डरी वोट्या. षोल्सो उंतर दोढी षोलो येती चार कील्ला भीत्रको जमीन. अधीको मोहोर वमोजिं कोरै रैकग हामीले पनी थामी

१५. मीन. अधीको मोहोर वमोजिं कोरै रैकग हामीले पनी थामी

१६. .....२.....प्रीती मोहोर. तावा पत्र गरी वक्सौ. आफ्नु षातिर्जामा सी

१७. त. जग्गाको उंत पत्र लि नित्ये नैमीत्ये पुजा गरी. हामी लाई आ

१८. सीरवाड दी. सिषे प्रसीसे सम्म गुठी वीर्ता जानी परम सुष भोग्या ग

१९. र. विनातकसीर नहर्नु गुठीयारले चार कील्ला भंन्दा अर्ध्यालो न

२० चापनु. येस वंधेजमा जो रहदैन सो ये श्लोकमा भन्याको पानकी होला.

२१. स्वदतां मरदन्तां न्वायोहरे व वसंधाराम. षष्टी वर्ष सहस्राणी वि

२२. ठठायां जायते कृत्रि इति सम्वत १८६१ साल माघ वडी ७ रोज ३ श्रीसुभम.....

स्रोत: १८६१ को लालमोहर (उपर्युक्त लालमोहर हलेसी महादेवस्थानका पूजारी श्री भवानी शंकर गिरीको संग्रहमा सुरक्षित छ ।)

श्री दुर्गा ।

श्री हलेश्वर महादेव

अभिवासु

स्वस्ती श्री गिरिराजचक्रचुडा मुनि चरित चारवै नत्यादि विवीध विरुदावली विराजमान मानित्यीत श्रीमैन महाराजा धीराजश्री श्री ५ श्री महाराजेधीराज पृथ्वी वीरविक्रम साहा वाहादुर सँसेर जङ्ग देवानाम सदा समरविजयो भाग ---आगे मेनोहर गिरी के नाम्मत १८४१ साल मा --- वाट २ प्रीती गुठी वीतांग री चडा भै को फूलेसो मन्दे छलाभु कुडल्या येत तस्को साथ पुर्वका रयोवस्त दछौं कोसी पसीम सधौंभु खोल्यो उत्तर भञ्ज्याङ मेडा वारी पेडि को बोल्यो मेती चार कील्ला भीत्र को जमीनवर्क दीछौंटा सयेत येत सुरी १० मठदेव थासी को पाखी को दया येत पुर्व को धीढेडि को ढुङ्गो ढुमो दक्षीण डाडो पथेभन्ने रेखा को कुलो को धार उत्तर तीरी को वोट ये तीन्चार कील्ला भीत्र येत सुरी ४० जग्गा येत सुरी एक मले साटो १६० अरु सब्जी डाडा पातल्का केरा चारी मा लेखु घड्यारी तस्को साथ पुर्वका रातु का ख्या भेज्याङ को पोखरी दक्षीन तुल्तुले धारी पश्चीम चीडेरी वोटमा खोल्यो उत्तर दोढी खोल्यो येती चार कील्ला भीत्र को जमीन आधी को मोहर पर्यो जै को रै रै कम्म कमीले पनी थाप्नी २ पीली मोलोर ताका पत्र जरीव कसौ आफ्नु थानि जोदा जो ८० जग्गा को ऊत पर्भ लि निर्ये नै भीतो पुजा जरी हामी लाई आ धीन वाडदी से वे पसीये सम्म गुठी धीनी जानी परम सुख भोग्याङ २ विधानक सीज नहुनु गुठियार ले चार कील्ला भन्दा अधी को जग्गा पनु मेसवै धेपर्भाजो रहुन सोये श्लोक मा गन्याको पानकी होला स्वदत्तां परदत्तां वा यो हरेत वसुंधरां षष्टी वर्ष सहस्राणी वि ष्ठा भुतो जायते कृमि इती सम्वत १८६१ साल्मा घडीज रोज २ मी शुभम्

वि.सं १८६१ मा श्री ५ गीर्वाण युद्ध विक्रम शाहबाट हलेसी महादेवका गुठीयार पूजारी श्री मनोहर गिरीको नाममा जारी गरिबक्सेको गुठी सम्बन्धी लालमोहर

फलक १



हलेश्वर महादेव



वसाहा गुफा प्रवेशद्वार

प्रधानमन्त्री जंगबहादुर राणाको समयको नेपाल-भोट युद्धको ऐतिहासिक सामग्री

(गतांकको बाँकी)

ज्येष्ठ वदी ३ रोज ७ मा

ताहापछि श्री प्राइममिनिष्टरवाट श्री जनरल जगतसम्सेर जङ्ग कुवर राणाजीलाई जवाप लेषी गयाको पश्चिम पूर्व उत्तर दिसावाट पल्टनले घेरा दी पानी थुनी वैसाष शुदी १५ रोजका दिन ९ घडी रात वाकीमा कुमाकिल्ला सर गरि हामी किल्लाभित्र पसि फत्यनामाको २१ तोपको सालमी गर्न्या काम र भुगाको विस्तार लेषी पठाउन्या काम वहुत वढीया गऱ्याछौ . अवर किल्ला वरपर लाग्याका गोला जती छन् सवै षोजी यती ज्मा गरि राषनु किल्ला पनी भत्क्या विगऱ्याको वस गरि वनाउन्या काम गर्नु . तेस किल्लाको चारैदिसामा तोपका मुर्चा पनी वनाउनु पल्टनलाई दारू वा पानी भर्न लाउनु टिगरि हान्नालाई रसद षजानाको वहुतै मजगुत गर्नु रसद षजाना दारू वा तोप वम भुगा किल्लाभित्र हाली राषनु षजानामा आगाको वहुत संभार गर्नु भुगाका रैयतहरूलाई वहुत तसल्लाह गरि र सदवोका उन्या काम गर्नु सकारिया रैयतका जंगी हातहतियार जती छ सवै जवद गरि लिनु रसद षजानामा पानीले र वोसले नपावस भुगाकिल्ला तिमीहरूको वुद्धि अकल लिया छौ म वहुत षुसि भऱ्या धन्न तिमीहरूको अकल ज्यामर्दि तिमीहरू त्यो किल्ला जमीन मार्दा हामी तिन वावुका सन्तानले निकरु षायाको हलाल गरि दियौं . तिम्रो तारिफ वयान गर्न सक्तैन . अव परिआयाको कामलाई होसियारि अकल वंदी गर्न तिमीहरू जान्या छौं . मैले पनी वैसाषका १९ दिन जादा हजुरमा विदा भै प्रस्थान सारी कर्णेल डिल्लीसिं वस्न्यात्का घरमा सारि विवाह गरि वाहावाट २२ दिन जादा श्री नारानहिटी श्री जनरल धीरसम्सेर जङ्ग कुवर राणाजीका घरमा सरि रहचाछु

नीज कांछा भाइ पनी कुती तरफ रवाना भया म पनी केही दिनपछी ताहा दाषिल हुन्या छु अैल्हे रसद ज्मा गर्न्या दाउरा मराउन्या काम मजगुत गरि गर . म आयापछि टिगरि हान्या काम गरौला नकसाको कागज पठाइदियाछौं आइपुग्यो अरू ताहा चाहिन्या कुरालाई जाहावाट लेषी पुग्दैन सवै कुराको तजवीज मिलाई तिमी जान्यै छौं शुभ्म् .

ज्येष्ठ वदी २ रोजमा

श्री प्राइममिनिष्टरवाट श्री धीर सम्सेर जङ्ग कुवर राणाजी के लेषी गयाको वैसाष शुदी १० रोज ५ का दिन देषी भुगाकिल्ला लाइ घेरादी राख्याको थियो वैसाष शुदी १५ रोजका दिन ९ घडी रात वाकीमा भुगाकिल्लासर गरि फत्यनामाको २१ तोपकी सलामी गर्न्यौं भन्या श्री जनरल

भाइ जगतसम्सेर जङ्ग कुवर राणाजीवाट लेषी आउंदा आहा पनी फत्यनामाको २१ तोपको वढाइ गर्न्या काम गर्‍यौं ताहा पनी षुसिनामाको २१ तोपको वढाइ गर्न्या काम गर शुभ्म्

ज्येष्ठ वदी ३ रोजमा

श्री प्राइममिनिष्टरवाट श्री मेजर जनरल कृष्नधोज कुवर राणाजीलाइ लेषी गयाको वैसाष शुदी १० रोज ५ का दिन देषी भुगा किल्लालाई घेरा दी राख्याको थियो वैसाष शुदी १५ रोजका दिन ९ घडी रात वांकिमा भुगा किल्लासर गरि फत्यनामाको २१ तोपको सलामी गर्‍यौं भन्या श्री जनरल भाइ जगतसम्सेर जङ्ग कुवर राणाजीवाट लेषी आउंदा आहा पनी फत्यनामाको २१ तोपको वढाई गर्न्या काम गर्‍यौ ताहा पनी षुसीनामाको २१ तोपको वढाई गर्न्या काम गर शुभ्म् .

श्री विर्गेडीयर जनरल षड्ग वहादुर राणाजीके माथिलो वमोजिम वेहोरा सदर

ज्येष्ठ वदी ३ रोज ७ मा

श्री प्राइममिनिष्टरवाट भुगा किल्ला सर गर्न्या कर्णैल मेजर कपतान पगरी लगायत सिपाही पिपा षलासी तकलाई लेषी गयाको तिमीहरूले श्री ५ सर्कारको निमक षायाको तिम्रा वाफ ज्यादाले तिमीहरूलाई जन्मायाको आफ्ना महतारीको दुद षायाको हामीले तिमीहरूलाई षुवाई आफूले वजीरी गर्‍याको निमक हलाल गरी यो तिमीहरु पनी नीमकवाट आदा भयौ . वहुत षुसी भञा अवप्रान्त पनी यो लडाञी छंज्याल तिमीहरूले यस्तै मिहीनेत गरौला भन्या मलाई भरोसा छ . टिगरी हानालाई रसद दारू वा षजाना पनी ज्मा गर्न्या काम गर्नैछौ म पनी आइग्छौ उपर ताहापरि आयाका कुरालाई श्री जनरल भाई जगत्सम्सेर जङ्ग कुवर राणाजीका कमानमा रही काम गर्न तिमीहरू जान्यैछौं शुभ्म् .

ज्येष्ठ वदी ४ रोजमा

तस्तै वषत्मा श्री प्राइममिनिष्टरका हजुरमा श्री जनरल जगतसम्सेर जङ्ग कुवर राणाजीवाट लेषी चर्‍हाई पठायाको आहा किल्ला हान्दा षर्च भयाका र किल्लासर भयापछी षोजदा पायाका गोलागिराफका कागज चर्‍हाइ पठायाको छु

जाहेर होला ताहावाट देवाधर्माका लामालाई पठाई वक्स्याको भोटतिर पठाउन्या चिठीका अर्थलाई पठाउन पर्न्या हो उ मानिसहरू आहा छन् वाहा छन् भन्या तहकित षवर आयाको छैन भनी भन्छ देवा धर्माको लामा मेरेसाथमा छ अघी भुगाकिल्लामा वस्न्या माहाजन वेपारीहरू उठी केरुंमा बस्न गयाका छन् उनीहरूलाई आही वस्न आउँभनी भिकाई पठाञा किल्ला भत्क्या विग्र्याको र फोहर भयाको सोहरी वनाई साफ गर भनि पल्टन पल्टनलाई लाइराख्याको छु औ टिगरी कातालवयेले डिगर्चाको षर्दार घ्यावुला १ टिगरिमा ताल्वयेको दोभास्या अवोला १ र २।४ सिपाही गरि आहां मलाई भेटन पठायाको रहेछ . तिन्हेरूसंग मैले भेट गरिन श्री लेफटेन्ट जनरल दाज्यैज्यूवाट र कर्णैल मामाहरूले भेट गर्नुभयो र मुद्दा कुरा वुझी हेर्दा ल्हासाको अम्वाले अर्‍हाई टिगरिको ताल्वयेसार्सिषामा श्री जनरल साहेवसंग केही विंति गर्न आयाका छन् मर्जि भया हाजीर हुंदा हुन् भनी ती षर्दार दोभास्याले भन्याछन् र वढीया हो तिमीहरू जार्उ ताल्वयेलाई सम्भार सितली आर्उ आहाको नै कुराको तकलीफ हुन्या छैन ताल्वये आयापछी मैले भेट गर्रूला भनि उन्का कुराको मुद्दा वुझि जवाप दी पठाञा मुकाम भुगा किल्ला शुभ्म् .----------

षाम भित्रका पुर्जिको नकल

वैसाष वदी ३० रोज देषी ये शुदी १४ रोजसम्ममा षर्च भयाको

असामी	आम्दानी	षर्च	वाँकी
पुटन्या गोला	२७००	१५०	२५५०
जंगी गोला	१२०२	७६६	४३६

गिराफ २००० ९९ १९०१
५९०२ १०१५ ४८८७

झुगाकिल्ला सरभै सक्यापछि किल्ला वरपर पाइयाको गोला
जम्मा १८०

ज्येष्ठ वदी ४ रोज १ मा

ताहापछी श्री प्राइममिनिष्टरबाट श्री जनरल जगतसम्सेर जङ्ग कुवर राणाजीलाई जवाप लेषी गयाको किल्ला भित्रको असवाफ अंदाजले नून मुरी ३००० करु चावल सन्तु पिठो गरि मुरी २००० वन्दुक हात हतियार गैऱहको तहकित भयाको छैन भनी लेख्याका कुरालाई त्यो नुन अनाज श्री दैवका मेहेरवानीले हात लाग्याको हो नुन फौजलाई महिनाका जनही १ मानाका हिसावले दिनु पैसा नलिनु करु चावल पिठो मुरी २००० वेस गरी संभार सग थनक्याई राषन्या काम गर्नु कम्यांडर कर्णैलि सनक सिंषत्री मेजर कपतान वलभद्र माझी मेजर कपतान सुमेतसिं कुवरलाई काम लाउन्या वहुत तजवीज गऱ्या छौ तेसमा म वहुत षुसि भत्रा किल्ला भित्र रहच्याका हातहतियार भाडावर्तन गैऱहपनि रहच्याछन् भन्या तहकित् गरि लेषी पठाउन्या काम गर्न्यै छौ शुभ्म् .

ज्येष्ठ वदी ५ रोज २ मा

श्री प्राइम् मिनिष्टरबाट श्री जनरल जगत्सम्सेरजङ्ग कुवरराणाजीलाई जवाप् लेषी गयाको झुगाकिल्लाका घरमा रह्याका अंनाज गैह्रको विस्तार लेषी पठाउंन्या कामः वढीया गऱ्याछौं लडन्या भोटचाहरूको धनसंपत्तीः अंन हातहतियार नदिनु जवद गरिलिनु वनपसी भाग्न्या अघी नलडन्याहरूको धन दिनु हातहितयार नदिनु म पनी आज जेसर तरफलाई कुचगऱ्या शुभ्म्

ज्येष्ठ वदी ६ रोज ३ मा

तस्तैवषत्मा श्री प्राइम् मिनिष्टरका हजुरमा श्री जनरल जगत्सम्सेरजङ्ग कुवरराणाजीबाट लेषी चह्राइ पठायाको अघी म नेपालतरफबाट आउदा रसद घर पनी तयार भयाको थियो रसुवाको पुल वनाई केही मात्रः वाँकी रह्याको थियो पछीमा सुवेदार नहुदा तिमीले अैल्हे लेफ्टेनी भै रह्याको छौ तापनी पुलतैयारी गरी पछीमा सामेल हुन आया भन्दा पुल तैयार गरि भुगा हान्दा षेर पछीमोलै छन् रसद घर र रसुवाको पुल तैयारी भयापछि ताहावल्याको कामः केही देषी तर झिकाइ पल्टन्ः मा सामेल गऱ्याको छु अैमान षत्रीले पुराना केही देषी माथी लुकन्या देषी तल अघीपठायाको वम्वैवाला अर्वीघोडा ढुंगामा टेकदा ढुंगोलडी भिरबाट लडी मरेछ सवारी लाइहर्कन होला भनी अर्कैः अर्विघोडा आयाबाट पठायाकोछ ताहाको बाटो बनाई करूंनिस्कन्या काम गर भनी मलाई दस्षत् आयो भनी मलाइ देषाया पुराना केरूंदेषी माथी लुकन्यादेषी तल टाहनघोडा नहिडन्या पुराना बाटामा घोडा हिडायेछ र भिरबाट लडी तलषोलामा पुगी मरेछ मैले पनी तोप लैजान्या बाटोबाट टाघनघोडा कदमलाई ल्यायाथ्या श्री मिनिष्टर दाज्यैज्यूबाट पनी तेही बाटो टाघनघोडा चढी पाल्नु भयोथ्यो त्यो बाटो ल्यायाको भया वितवल पर्न्या थियेन म आयापछि माथिल्लो तोप लैजान्या बाटो भत्क्याको भया मलाई याद्छैन तोप वरोवर आजभोली तेसैबाटो आउंछन् अैतानषतृलाई ताहीबाटो बनाउन पठाइदेउं की पछीमा सामेला गरि राषौ जोमर्जि औकरौलि सिंहवीरपाडे झुगाकिल्ला माहाजीर भया इनलाई तजवीजमा जो ठहर्ला सो कामलाउंला कुत्ती जुमला वार्लुचुड् फलाक्बाट वढ्याका हाम्रा लस्करको कुन कुन जगाबाट कस्तो कस्तो षवर आउंछ सो षवर ३/४ दीनमा लेषीवक्सी पठाउंदै गर्नु भया वढी घघावढ्याको षवर बुझीः सो माफि कतजवीजसंग काम गर्नालाई वढीया हुँदोहो मुकाम झुगाकिल्ला शुभ्म्

ज्येष्ठवदी ६ रोज ३ मा

ताहापछी श्री प्राइममिनिष्टरबाट श्री मिनिष्टर जनरल वम्वहादुर कुवर राणाजीलाई लेषी आयाको १९ घडी दिन चढदा पाचमानेमा आइ पुग्या श्री चौतरीया फत्त्यजङ् साहकी जेठी मैत्रालाई यौटा घर छापको तजवीज गरि दिन्या काम गर विष्नुदास वैरागीलाई १३ सालको सुवांगी दर्सन् गरायाको छ ताहा तिमीले पनी दर्सनी रूपैया लिनु श्री समरजङ् के पनीका ज्मादार लिष धोजषत्री लाई षानगी ज्मादारी नार्उ सुवेदारी गरि पल्टनीया सरहको सुवेदायरि नार्उ गरिदियाको छ। मुकाम पा भन्ये शुभ्म्

ज्येष्ठ वदी ६ रोज ३ मा

श्री मिनिष्टर जनरल वम्वहादुर कुवरराणाजीबाट श्री विर्गेडियेर जनरल जङ्गबहादुर कुवरराणाजीलाई लेषी गयाको श्री प्राइममिनिष्टर दाज्यैज्यू केरूंङ भुगातरफ पावलागनालाई वैसाषका १९ दिन जादाका सायेत्मा श्री ५ सर्कारमा विभ्नु भै प्रस्थानसरी आहारोज गर्नु भयाको थियो जेष्ठवदी ५ रोज २ का दिन श्री रैफल लेटर राजदल पल्टनली केरूं भुगा तरफ पाव लागनुभयो अव प्रान्त आहालाई लेषपढ गर्नुपर्दा हाम्रा नाउमा लेषी पठाउन्या काम गर्‍या वढीया होला शुभ्म्

येही वेहोराको चिठी श्री मिनिष्टर जनरलबाट पाल्पा प्युठाना जुमला डोटी सिलगढी धनकुट्टा इलाम सिन्धुली चीसापानी लाम्वगर अरू गौडा गौडामा लेषी गयो

जेष्ठ वदी ७ रोज ४ मा

तस्तै वषत्मा श्री प्राइममिनिष्टरका हजुरमा श्री जरल जगत्स्मसेर्जङ्ग कुवंरराणाजीबाट लेषी चर्‍हाइ पठायाको वैसाष शुदी १५ रोजका ९ घडी रातवांकीमा भुगाकिल्ला सर गर्‍याको षवर आउंदा म वहुत षुसि भया भुगाकिल्ला तिमीहरूका अकलवुद्धिले लिया छौं धंन तिमीहरूको अकल जमामर्दि त्यो जमीन मार्दा हामी ३ वा वुकासंताले निमक षायाको हलाल गरि दियौं तिम्रो तारिफ वषान गर्न म सक्तिन भनी लेषी वक्स्याको अर्थ हजुरका अैनदस्तुर तालीमले मात्र हो सरभयाका भोलीवेर देषी किल्ला भत्क्या विग्र्याको बनाउन साफ गर्न तोपका मुर्तावनाउन वरोवर ताकिता गर्नलाई राष्या छु केही सिद्धयो किल्लामा हानियाको गोला अघी पायासम्मको र ज्मा गोलागैह्रको आम्दानि षर्चका कागज तपसील षोली अघिल्ला अर्जिमा चर्‍हाइ पठायाको हो अरू पनी ८०।१०० गोला पाइयाका छन् अरू पनी पायासम्म षोजन लायाकै छु सर्कारिया रैयतहरूका हतियार पनी पायासम्म जवद गर्‍याको छु भुगाका रैयतहरूलाई तसल्लह गर्न करौलि सिंहविर पांडे मेजर कपतान वल भद्र माझीलाई लाइराष्या छु दारूवा मार्नालाई केही दारूवा श्री गोरषनाथ पल्टनले कुकुरघाटमा मारियाका छन् अवर कम्याण्डर कर्णैल सनकसिं षत्रीलाई आहा झिकाइ पठायाको छु उ आई पुग्या पछी यउटा सल्लाह मीलाई दारू वा रसदको मजगुती वाधन्या काम गरूंला रसद भन्या किल्लै भित्र राष्याको छ दारूवा आइपुग्याको छैन तोप्वम् केही किल्ला भित्र छ केही वाही पल्टन् पल्टन्मा छन् षजना नि वाहीर पल्टन् पल्टन्मा छ किल्ला साफ भैसकिया पछि आगोपानी बस बचाई षजाना तोप भित्र ल्याई राषन्या काम गरूंला रसदका अर्थलाई जानत्भर म जगुनी गरी राषन्या काम गर्न्यैछु औ अधीवाट चिनीजा कोदोमास्पार डिगर्चाको ताल्वयेको षर्दार आयेर हामीसंग भेटी टिगरिका ताल्वेषे श्री जनरल साहेवको दर्सन गर्न पार्उछ की भन्न आयोथ्यो दर्सन पाउछ आउन भन्दा षानापिनाको वन्दोवस्त पनी गरिदिनु पर्ला ताल्वयेलाई सम्मार गरि लियेर आउ जस्तो गरि तिमीहरू आउदा षुसिराजीसंग सिपाही स्मेत ली आयाथ्यौ तस्तै गरि ताल्वयेलाई पनी लि आउन्या छन् भन्दा ताल्वयेलाइ लिन जान्छौ भनि विदा भै गयाथ्या उस्का पर्सिपल्ट ल्हासाबाट नत्रा अम्वा टिगरि आयो अम्वालाई मेजमानी दिनु पर्‍यो २।४ दिन आउन पायनन् भनी अस्ति आउन्या ताल्वयेको षर्दारले लेषी पठायाको रहेछ तिमीहरूको

क्या आसयेछ कुराको मुद्दा क्याछ लेषी पठाउ र मैले पनी ताल्वयेलाई लेषी पठाउनु पर्छ भनी लेषी पठायाको रहेछ यस्कुराको जवाप ताल्वये आयाको भया जो कुरा ताल्वये आयनन् जौन कुरा सोधनन् सो कुराको दिउला भनि हामीबाट जवाप लेषी यो मुकाम झुगाकिल्ला शुभ्म्

जेष्ठ वदी ७ रोज मा

श्री मिनिष्टर जनरलका हजुरमा श्री जनरल जगतसम्सेर जङ् कुवर राणाजीबाट लेषी चन्हाइ पठायाको वैसाष शुदि १५ रोजका दिन ९ घडी रात वाकिमा झुगाकिल्ला सर भयाको षवर सुनी मात्र वहुत षुसि लाग्यो येस्कुरामा श्री प्राइममिनिष्टर दाज्यैज्यू पनी साऱ्है षुसि भै वक्सन् भयो हामीले पनी षुसीनामाको २१ तोपको सलामी गराञ्यू क्षेत्रीयको धर्म कुलको नेकी जोहो सो पुर्षार्थि तिमीले गऱ्यौ यस्ता तिमीले झंडा षडा गरायौ हामी वहुत कृतार्थ भञ्यू झुगा किल्लामा साऱ्है विकट छ भन्यार ताहा २।३ लडाजी हुंदा त्यो किल्ला डुस्मनको ठुलो मजगुनी थियो आज दुस्मनको नास गरि त्यो किल्ला सरगर्दा तेस्मा तिमीले षुप गऱ्याको ठहर्छ अव पनी यस्ता फत्त्ये के त्रावे र तिमी गर्ऱ्यौ छौ भंन्या हामीलाई भरोसा लाग्याकोछ भनी लेषी वक्स्याका अर्थ हजुरका पुन्ये प्रतापले र अैनदस्तुरले मात्र कार्य्ये सिद्ध भयाको छ किल्ला भत्क्या विग्ग्राको सफा गर्न लाउनु षरषजाना पनी सध्याविग्ग्राको भया सुकाउनु लाउनु संभारसंग वितोल नपर्न्या गरि राषनु रसद दारूवाले पनी फौजलाई कम हुन नपावस भनी लेषी वक्स्याका अर्थ भत्क्या विग्ग्राको सवै मर्मद गराई सफा गर्नलाई राष्याको छु किल्ला साफ भयापछी षजाना किल्ला भित्र ल्याइ सध्याको विग्ग्राको भया पनी वोसर आगो पानी बनाई सुकाइ राषन्या काम गरूंला रसद दारूवाका अर्थलाई कम्याण्डर कर्णेल सनकसिं षत्रीलाई ज्ञाहा झिकाइ राष्याछु आउन्या वित्तिकै सरद दारूवाको मजुगुनी गरि राषन्या काम गरूंला मुकाम झुगा किल्ला शुभ्म्

जेष्ठ वदी ७ रोज मा

तस्तै विचमा श्री प्राइम मिनिष्टरबाट श्री मिनिष्टर जनरललाई लेषी पठायाको आज चतु आलेको पौवामा आई पुग्या डेरा ज्ञाही पऱ्यो सुवाधर्म नारान्ले पाच मनिसम्म आई ७ सय साल्मीले आफ्ना अडासम्म हुलाकका भारि वोक्याको रहेछ आज आडमा मात्र पुऱ्याइहुंदैन टिमुऱ्यासम्म षाली थैली पुऱ्याउनुपर्छ भनी टंटालाया भनी ज्ञाहा मसंग विंति गर्न आयो तसर्थ श्री ५ सर्कारको काम पनी चलन्या हुलाक पनी रहन्या तजवीज गरिदिनु श्री भाइ जनरल जगतसम्सेरजङ्ग कुवर राणाजीले पठायाको मेरा नाउको चिठी ज्ञाहा षोली हेरी फेरि तही पठायाको छु मुकाम चतु आलेको पौवा शुभ्म्

ज्येष्ठ वदी ७ रोज मा

तस्तै वषत्मा श्री मिनिष्टर जनरलबाट श्री जनरल धीरसम्सेरजङ्ग कुवर राणाजी के लेषी गयाको ल्हासामा त ज्ञा आउन्या हेतारिन अम्वावाट आयाका चिठीको जवाव लेष्याको सेना कपडाले मोऱ्याको चिठीको पोका १ पठाइ दियाको छ ताहा पुगनै वित्तिकै ल्हासाका अम्वा छेउ पुगन्या गरि पठाई दिन्या काम गऱ्या वढीया होला अम्वावाट आयाका चिठीको नक्कल पठाइ दियाका छन् विस्तार तेसैले बुझीयेला देउलपुराका मुकामवाट श्री प्राइम मिनिष्टर दाज्यैज्यूका हजुरमा चढाइ पठाज्ञा ताहा १ दीन मुकाम गरि भिज्याका सुकाइ फाट्याका पाल स्युन लगाई जान्या तजवीज वढीया ठहरायाछौ सुकाउन पर्न्यालाई सुकाइ फाट्याका पाल स्युन लगाई संभारसंग लैजान्या काम गऱ्या वढीया होला शुभ्म्

ज्येष्ठ वदी ८ रोज ४ मा

तस्तै विचमा श्री प्राइम मिनिष्टरबाट श्री मिनिष्टर जनरललाई लेषी आयाको गौडा गौडावाट फौज खाना भयाको फर्द लेषी वडा साहेवसंग हजुरवाट पठाइवक्सनु

भयाको हो तेस्मा पल्टनमा जवान येति भनी षोली ल्याउ भनी बडासोहवले भन्या भन्या कपना करवीर षत्रीले भंन आया देहाये षोली दिनु भनी हजुरवाट पनी मर्जि भया कोही देहयि लेष न्यातजवीज गर्दा कम्पुका पल्टन कुनैमा ५६१।५४१।५२१ र पुर्वेय श्री मकापल्टनमा कुनैमा ३०१ कुनैमा २०१ तालको पल्टन छ उ वमोजिमले षदा घटी पर्न जाला वढी लेष्या झुट्टा पर्न जाला भंनानि मित्र पल्टन १ मानल १२१ र यसपाला भर्ना भयाको पिपा २५२ ज्मा ७७३ ले षीनालये तिपिपां येत्ति भनी नषोली फलाना पल्टनमा जवान ७७३ भंन्या लेषी देउकी भनी लेषी पठाया छौ यस पाला जडको काम हुनाले साविक पल्टन कानाल गरि लाजिमा पिपा भन्दा येसपाला वढदा कोही कोही पल्टन २५० कोही पल्टनमा २०० कोही पल्टनमा १५० सिपाही थपींदा ज्मा वाढचा कोही भनी लेषी पठाउनु मुस्ताडवाट साहीलाले चिठी लेषी पठायामा अम्वरसिंह कुवरले रसद ज्मा गर्दा श्री लाल भट्टले भोट तरफ अताज गैन्ह १ मा नापता लैजान दिनु भंन्या दस्षत छ लैजान हुदैन हटना गरेछ जंगी काममा लैजान्या रसदलाई रोक्या वापत जरिवाना गरिपठाउनु रसद लैजान दे भनी लेषी पठाउनु झुगाफत्ये भयो भंन्या चिठी लेषी गयाको पुग्योहो भंन्या विस्तार लेषी पठाउन्या काम गर्नु श्री कांछा भाइ देउपुर पुग्याको र असीना पानीले भिज्याको वतासले पालच्यात्याको लेषी पठायाको रहेछ आहा जितपुरमा वस्याको दिन वतासले १५ पाल च्यातिदियो चिठीहरू ३ ताहा पठाइदियाको छ तिमीले हेरी मुनासिव माफिक जवाप लेषी पठाउन्या काम गर्नु अम्वरसिंह कुवर राणाजीलाई हामी हिडचाको र झुगाफत्ये भयाको षवर हिउधद्योहो झुगामा सामेल हुनजाउ भन्या र धोर्ज्ये थापक्यालविद्धरे मुस्तांगी राजाले कवुल गच्याको वमोजिमका मानिस अम्वरसिंह कुवर र वरष पल्टनका साथमा पठाइन भन्या वर्षासि पनी होला सजंगी अैन वमोजिम सजाये पनी होला भंन्या लेषी पठाउनु वुधवारका दिन नुवाकोट पुगी श्री भैरवलाई पंचवली चन्हाइ भोलि वृहस्पतीवारका दिन धैवुंमा देरा पर्छ शुभ्म्

ज्येष्ठ वदी ८ रोज ४ मा

तस्तै वषत्मा श्री मिनिष्टर श्री जनरलके मेजरक पतानहरि मानसिं वस्न्यातले लेषी चन्हाइ पठायाको वैसाष वदी १० रोज ५ देषी झुगाकिल्या घेरादी राख्याको थियो. वैसाष शुदी १५ रोजका दिन ९ घडी रात वांकीमा झुगा किल्या सर गरि फत्त्येनामाको २१ तोपको सलामी गर्च्यौं भंन्या लेषी आउदा आहा पनी २१ तोपको वढाइ भयो. ताहा पनी षुसीनामाको १ पट्टीले सलक वढाइ गर्च्या काम गर भनी मर्जि भैआउदा पल्टन्का गैन्ह फौजले हर्ष वढाही १ पट्टीले सलक वढाई सलामी चन्हाव्यूं आज आहादेषी ३ कोस् माथी होस् भंन्या ठाउमा २ पट्टी पठाइ रसद पनी सार्न लाव्यू शनिश्चरवारका दिन आहावाट उठौला सौवारका दिन ९ घडीमा दोसाधनरौला भंन्या वन्दोवस्त वांधी राष्याका छौं. लामा वगरमाथी ३ ठाउका अकर गौडा गलफामा वाटो भरी सष्ये तयार गर्च्यौं. ठुलो विकट पहरा पनी तयार भयो. यो काटिन्या ठाउमा काटी काही सिढी फल्याक भर्च्याङ् हाली फलामका काठका किला ठोकी भारी घोडा तोप लैजानालाई भयो होमपट्टीका गौडा गल्फा वाटो वताउनु पनी पठायाको छ. २।४ दिनमा तयार होला. दुस्मनका फौजको चिवार गौडागलफा वाटो हेर्न पठायाको छ. आयाका छैनन्. चेवा गर्न हिजो पक्का पक्का मानीस् पठायाको हो २ कोस वढीमा उतावाट आउन्या भोटचा जना ४ लाई विकट् ४ जनाले भेटचा छन् र १० जना भै पक्रन सकचा मारौ भनी १० जनाले लगाडी लैजादा सेवाना नाघी पार पुगी आफ्ना विकटमा मिसिया छन् हाम्रा निस् फर्कि आयाछन् गौडो थानी वस्याको छ सवै थोक तयार भयापछी ठोकौला मुकाम लाम्वगर शुभ्म्

ज्येष्ठ वदी ८ रोज ५ मा

तस्तै वषत्मा मिनिष्टर जनरलका नाउमा श्रीमेजर जनरल रूद्रधोज कुवर राणाजीबाट लेषी चर्च्याइ पठायाको मर्जी वमोजिम आयाका सायेत्मा ताकला षार गर्च्यूं भंन्या

वेहोराको विंतिपत्र अघी चऱ्याइ पठायाको हो सयि नगरि सायेतैका दिन यो च्यारसर गऱ्यूं ताकला षारजिनाकोट पनी षेच्यारैमा आई पिछा पर्न आयो वैसाषका २४ दिन जादा १२ घडी दिन वाकीमा ताकलाषारको कोट आइपुगी सलामीको येक सलक वढाइ गऱ्यूं कोटमा रहऱ्याको ढेवा पोरै मरेछ नपायेउदा वस्याको रहेछ. उ पनी हामी नआइपुग्दै कोट छोडी भागी गयेछ इसवै ठाउका रैतिहरू मर्जिवमोजिम वन्दोवस्त गरौंला ताकलाषार भित्र पारी जगा हेरि आड्कील्या वनाउन्या काम गर्नु भंन्या मर्जि आयाको हो. हिवारीजगा काठयात भार केही हुदो रहेनछ १।२ दिनको रस्ता हिवारी काटी गया मात्र काठ पाइन्या रहेछ. पालका भरलेमात्र होइन सकन्या पक्का घर नभैन हुन्या रहेछ भरीसक्ये गरि पक्का घर वनाइ फौजको सम्हार संभार र कोटको हेरचाह गरि आड्किल्ला वनाउन्या काम गरौंला. ताकलाषारदेषी १०।१२ दिनको वाटो ठानामा २ ढेवा वस्ता रह्याछन् तेस ढेवाले फौज्मा गर्न लागीरहऱ्याछन् भंन्या कुरो गर्छन् नत्रा मुलुक हुलाकको वंदोवस्त गरि हुलाक चलाउनु पर्दा चीठी थोरै ढीलाउन गयाको हो मुकाम ताकलाषार शुभ्म्.

तस्तै विचमा ल्हासाका हेतारिन् अम्बावाट श्री ५ गोर्षा सर्कारलाइ लेषी आयाको उप्रान्त हामी ताठीन्लाइ श्री ५ वादसाहवाट तैले ल्हासामा वसी ताठीन्को कामज सवै गर्नुपर्छ भनी हुकुम् भै आयाको हुं अस्ति ल्हासा पुगी लालमोहर ली काजकाम गर्न लागीरहऱ्या छुं उसैदिन ढडामा हेरी मालुम् भयो पोरका सालमा आफुवाडले चऱ्हाइ पठायाको विंन्ति पत्रमा लेष्याको वेहोरा भोट्का भुपुन् र पर्जाले अघी वदे जनमानी वेजाइवेद्दत जवरजस्ति गऱ्या भनेको आफु वाडकामा निस्मारि लुटपिट् गऱ्याको विचारगरि वन्देज वाधी वक्सनुहवस् भनी पैल्हे विंति गरि पठाउनु पर्च्या हो. आफु वाडका सिपाहीलाइ आकास समान श्री ५ चिन वादसाहलाई गुहार जानुपर्छ भनी हुकुम दियाको र षजाना रसद लाग्याको तिर्नपर्छ भंन्या सरासर चिठीका पछेडा लागी श्री ५ वादसाहवाट सिपाही चडाइ गऱ्यौ. साधदेषी वडन्या छैनन् भन्याको भोटले जिमी दियापनी चादिटाक दियापनी हाम्रो चित्त बुझी फर्कौला भन्याको र फेरि मानि सष्टाइ अर्जि चऱ्हाउन पठायाको योस वेहोरा टुंतारिन अम्वाले एकपट्टी भारादार षटाई काम छिन्न पठायेकोछ. येकपट्टी आफुवाडलाइ फेरै फेर चिठी लेषी जाहेर गर्न पठायेछ काम नछिने नजीपर्षनु पर्च्याहो र आफुवाडले नसुनी रह्याको क्यान हो रौ प्रमान जत्ती पनी मानेनौं आज ती वस्याका सिपाहीले क्यान साधनाधी आयो केरूं कुनी २ जगा वन्द गरि साऱ्है सेषि गऱ्या छौं हामी ताटीन्ले विचार गर्दा गोर्षा र भोट सवै आकाश समान् श्री ५ चिन वादसाहका मंत्री हौ पुस्ता पुस्ता देषी स्वर्गमध्ये पातालवाट ठुलो मेहरमानगी भयाकोछ भोट् देसमा रहऱ्याका भारादार सिपाही श्री ५ चिन वादसाहको जिमीन हुनाले कुऱ्ही रम्ह्याकाहुन्. पोरका सालमा गुहार गर्न सीपाही पठाउछौ भन्याको आफवाड् लेरिभ्काइल टहल मात्र पठाउनुहुन्या थियो अनहकमा भोटसग केही काम थिएन हुकुम नभै पठाउन्या होइन फेरि षर्च लाग्यो भन्याको क्या काममा षर्च लाग्यो विना कामै भोटले जिम्मा लिनु क्यान पऱ्यो. साधसिमाना वढता जगान लियाको र लुटपिट् गरि मानिस माऱ्याको र भाइट्या भयाको आफ्ना राज्येका प्रजालाई येस कामको वेहोरामा सोभ्को निसाफ गर्नु भनी भारदार षटाइ पठाऱ्युं त्यो काम नछिनन् ज्याल पर्षनुपर्ला दुइतिरको होचि अर्घ्याली छुट्टी गरि छिनी दिन्याछन् आषा चिम्ल्या जस्ता कामलाई दगा राषी सिपाही चढाइ गराउन्या हो इन सिपाही चढाइ गर्दा सवै कराउन लाग्या आज आफुवाड्ले दस्तुर नमानी मनोग्य गरिहुल गऱ्यौ त्यो कुरो निहु गरि जिमीरचादी लिउला भनी ढिपी गरी दोष लाउछौ यो संसारमा अघी देषी आजसम्म नभयाको हटक गरि काम गर्नलाइ कठीन हुन्या छ आफुवाड्ले रात्रीमा सावाधानभै सरमुहनजाला भनी चित्तमासंभ्गी रहनु पोरका सालमा सिपाही गुहार गर्न पठाउछु भन्याको भोट्संग जोरी षोजी सरासर आयाको अकाशसुमान् श्री ५ चिन वादराहसंग जोरि षोज्याको हो येसो गरि हुदैन चाडै फकाउन्या काम गर अघी आफुवाड्लाई श्री ५ चिन वादसाहवाट विरक्त भै क्रोढ हुनुहुनया छ छचाडलुङ ४ सालमा वगरि हिडन्यावाट

भावग्गीघकन्दामा कस्तो भयो थ्यौ आज आफुवाङ्ले तेसै डिलवाट आउनाको मन्सुवा छ की हामी तांठीले त्यो वेहोरा सवै ढेरै फेरा विचार गर्‍यौं र मनमा चिताइ साचो बेहोरा ठहराई लगत्तै अर्जिले यी चन्हाइ पठाउला श्री ५ चिन वादसाहवाट हुकुम वक्सनु भया पछी साच्यै डंडा सासना गरौंला आफु वाङले श्री ५ चिन वादसाहका शरण पिछा परि रह्याको ढेरैवर्ष भयो सवै दस्तुर मार निसाफमा पुरा भयाका छौ त्यो चितायाको कामना आफुवाङ्ले गर्‍याको होइन चिनौ आफुका तलमा रहन्या काजीहरूले गर्‍याको होला श्री चिन वादसाहवाट टाढा देसमा वस्याका मानिसलाई माया गर्‍याको हो शरणामा आयाकालाई मरण गर्नु हुन्या छैन अघि हामिले साधमा जानाको ठेगाना गरि चढन्या घोडा षटाए मानिस पनि थोरै षटाइ साधमा पुगी चिनिया भारादार भोट्या भारादारसित आफुलाइ वाङ्ले विन्ति गर्‍याको सवै वेहोरा येकयेक गरि जरादेषी निर्मल गरि निसाफ पारी छिनी दिउला २ तिरको वन्दोवस्त गर्दामा नलेषीको भया नत्रा वन्देज वाधी चित्त बुझ्नु गरि दिउला पछी परंतुसम्म दुइतिरलाई अघीका जस्तो मिलाप गरिरहनु सदासर्वदा सुष आनन्द हुन्याछ. दुइतिरको मामिला परहोस् भनी हामि ठीन्ले आसीष गरि रहच्याकोछु यो वृत्तान्तको चिठी लेषी अगावै आफुवाङ्लाई पठायाको हो यो चिठी मांनुपर्छ. आफुवाङवाट काम काज गर्न जान्या काजी रोजी थोरै मानिससाथ ली चाडै दोसाधसंम्म आउनु र काम छिनीदिउला आफुवाङ्वाट चढाइ गर्न पठायाका सिपाही गैन्हलाई फर्की झिकाउनु वन्द गर्‍याको जगा पनी छोडीदिनु आफुवाङले यो चिठी ताहार्‍या पछी यो काम मानीकन कसो गरि छिनी दियो भनी अगावै हामी ताठीई चिठी ली आई हामी वस्याका वासमा चन्हाउनु आउनु. हामी ताठीन्ले विचार्दा अघीका झैनमानी मोह भैरह्या इश्वरले पनी सराप दिन्याछ राज्येमा भाको नीति छाडनु हुदैन छाडच्या पछी कठीन हुन्या छ ठिक्क ठिक्क गरि मानीनु नमानी हुदैन तसर्थ यो चिठी पठायाको हो इति श्री हाङ्फोन ५ सा हाम्रा ३ महिनाका ९ दिन जादा मुकाम भोट् ल्हासा यामन्. शुभ्म्

ABOUT THE AUTHORS

Mr. Sukra Sagar Shrestha	— Archaeological Officer, Department of Archaeology, HMG/Nepal
Mr. Basanta Bidari	— Chief Archaeologist Lumbini Development Project/Nepal
Mr. Chandra P. Tripathee	— Chief-Exploration Officer Department of Archaeology, HMG/Nepal
Dr. Purushottam Lochan Shrestha	— Lecturer, Bhaktapur Campus, TU/Nepal
Mrs. Sarala Manandhar	— Chief Archaeological Officer, Department of Archaeology, HMG/Nepal
Mr. Om Prasad Subedi	— Research Scholar/Nepal